झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ पुस २४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 08 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३३

## श्रीराम कोलोनी जग्गा प्रकरणः आरोपित जाटियाले उन्मुक्ति पाउँदै

प्रस, वीरगंज, २३ पुस/

वीरगंज-२ छपकैयास्थित श्रीराम कोलोनी जग्गा प्रकरणले अहिले नयाँ मोड लिएको छ । शुक्रवार सत्रजना जग्गाधनीले रवि कुमार र प्रेम जाटियाविरुद्ध दिएको मुद्दा फिर्ता लिन जिल्ला प्रहरी कार्यालय, पर्सामा निवेदन दर्ता गराएका छन् ।


श्रीराम कोलोनी र इन्सेटमा प्रेम जाटिया । तस्वीरः फाइल

वास्तविक जग्गामा मोही रहे पनि जग्गाधनी रवि कुमार र प्रेम जाटियाले सत्रजना जग्गाधनीलाई मोही नभएको भन्दै जग्गा बिक्री गरेका थिए । मोही नभएको जग्गा किनेका सत्रजनाले एक वर्षअघि रवि कुमार र जाटियाविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्सामा ठगी मुद्दा दर्ता गराएका थिए ।

जाटियाकी पत्नी निधि जाटिया तथा मोही राजुसिंह राजपूतविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्सामा परेको उजूरीको आधारमा उनीहरूविरुद्ध ठगी तथा सङ्गठित अपराध मुद्दा विचाराधीन छ । मुद्दा छिनोफानोको लागि आज सत्रजना जग्गाधनी जिप्रका, पर्सामा पुगेर दर्ता गराएको मुद्दा फिर्ता तथा मिलापत्र गरी पाऊँ भनी निवेदन दिएका छन् ।

जग्गाधनी जाटियाले मोही कट्टा गरेबापत मोही राजपूतलाई रु एक करोड दिएपछि जग्गा किनेका सत्रजनाले मिलापत्रको लागि निवेदन दिएको बताइन्छ ।

कानून व्यवसायीका अनुसार जाटियाले ठगी गरेका छन् । वास्तविक मोहीले आफ्नो अंश पाएर लगत कटाएपछि सत्रजना जग्गाधनीले जग्गा पाएको उनको भनाइ छ । श्रीराम कोलोनी जग्गा प्रकरणमा जाटियाले सत्रजनासँग ठगी गरेको मुद्दा जिल्ला अदालत, पर्सा तथा अन्य निकायमा विचाराधीन रहेको अवस्थामा कानून बमोजिम कारबाई हुनुपर्ने कानून व्यवसायीले बताए ।

**श्रीराम कोलोनीको जग्गा प्रकरण के हो ?**

वीरगंजको रेलवे सडकनजीक छपकैयामा रहेको श्रीराम कोलोनीमा रहेका १७ जना जग्गाधनीले आफूहरू ठगिएको १० वर्षपछि थाहा पाएका थिए । तत्कालीन जग्गाधनी रवि कुमार तथा अधिकृत वारेसनामा रहेका जाटियाले मोही जग्गालाई एकल अधिकारको जग्गा हो भन्दै १७ जनालाई बिक्री गरेका थिए । खरीदकर्ता १७ जनामाथि १० वर्षपछि मोही राजुसिंह राजपूतले अंशको मुद्दा दर्ता गरेपछि उनीहरूले आफूहरू ठगिएको थाहा पाएका थिए । १७ जनाले २०७७ चैत १ गते जग्गाधनी रवि कुमार र प्रेम जाटियाविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्सामा ठगी मुद्दा दर्ता गरेका थिए । २०६० सालदेखि बिक्री शुरू भएको श्रीराम कोलोनीको जग्गामा १७ जना २०६५ सालदेखि घर बनाइ बसेका छन् ।

रुद्रदेवी उपाध्यायबाट ६० नम्बर कित्ता गोपाल अग्रवालले खरीद गरेको र अग्रवालले जाटियालाई बिक्री गरेपछि ६० नं कित्ताबाट २०६० सालमा जाटियाले ७ कट्ठा जग्गा खरीद गरी ३५ नं कित्ता बनाइ कित्ताकाट गरी १७ जनालाई बिक्री गरेका थिए ।

रुद्रदेवी उपाध्याय र गोपालप्रसाद अग्रवालको लालपुर्जामा मोहीवाला गुल्जारसिंह राजपूत रहेको तर जाटियाले खरीद गरेको जग्गामा मोही महल खाली राखी एकलौटी बनाइएको थियो । एक्कासि मोहीवालाले भूमिसुधारमा मुद्दा हालेपछि आफूहरू बिचल्लीमा परेको भनी पीडितहरूले जिल्ला प्रहरी कार्यलयमा निवेदन दर्ता गरेपछि तत्कालीन प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जाटियामाथि सङ्गठित अपराध तथा ठगी मुद्दा दर्ता गरेका थिए ।

**मुद्दा दर्तापछि के भयो ?**

श्रीराम कोलोनी जग्गा ठगी प्रकरणमा प्रहरीले मुख्य अभियुक्त प्रेम जाटिया, उनकी पत्नी निधि जाटिया, रवि कुमार, मोही राजुसिंह राजपूत तथा लेखनदासलाई पक्राउ गरेको थियो । जाटिया पक्राउ परेपछि प्रहरीकै मिलेमतोमा थुनामा एक दिन पनि नबसी उपचारको नाममा वीरगंज र काठमाडौंका अस्पतालमा उपचार गराउँदै आएकामा अदालतले धटौरीमा रिहा गरेको थियो ।

जाटिया पक्राउ परेको तीन दिनपछि प्रहरीले सार्वजनिक गरेको थियो । प्रहरीले पटक-पटक मुद्दासम्बन्धी फाइल मालपोत तथा भूमिसुधारसँग तथा मालपोत कार्यालय, पर्सासँग माग गरे पनि चलखेलको आधारमा कर्मचारीहरूले फाइल नदिएपछि प्रहरीले जबरजस्ती फाइल नियन्त्रणमा लिएको थियो ।

## भोजपुरी सङ्ग्रहको विमोचन

प्रस, सिम्रौनगढ, २३ पुस/

सुरेन्द्र गिरीद्वारा लिखित भोजपुरी पद सङ्ग्रह 'सोनकिरिनिया' तथा लघुकथा 'कहाँ गइल उ दिन'को शुक्रवार विमोचन भएको छ ।




जिल्ला समन्वय समिति, बाराका अध्यक्ष नवलकिशोर सिंहले देवताल गाउँपालिका, पिपरडारीको आयोजनामा भएको कार्यक्रममा पद सङ्ग्रह र लघुकथाको विमोचन गरेका थिए । उनले देवताल गापामा ठूलो सङ्ख्यामा विद्वान्हरू भएकोमा खुशी व्यक्त गरे । उनले साहित्यकारबाट गाउँटोलको पहिचान बढ्ने बताए ।

भोजपुरी भाषामा पुस्तक प्रकाशन गरेर यो भाषीहरूको मनोबल उच्च पारिएको उनले बताए । अध्यक्ष सिंहले

(बाँकी पाँचौं पातामा)

## कम्बल वितरण गर्नुपर्ने मागसहित ज्येष्ठ नागरिक धर्नामा

नितेश कर्ण, वीरगंज, २३ पुस/

वीरगंज महानगरपालिका-१ बजारछपकैयाका ज्येष्ठ नागरिकहरूले कम्बल वितरणको माग गर्दै शुक्रवार वडा कार्यालयमा धर्ना दिएका छन् ।


ज्येष्ठ नागरिकको धर्नामा सम्बोधन गर्दै स्थानीय युवक । तस्वीरः प्रतीक

महानगरपालिकाको लोककल्याणकारी योजना अन्तर्गत ३२ वटै वडाका ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई कम्बल, झुल, टर्च, छाता वितरण हुँदै आएकामा वडा नं १ मा पनि दुई सयजना ज्येष्ठ नागरिकका लागि सामग्री आएको तर वितरण नभएकोमा ज्येष्ठ नागरिकहरूले वितरणको माग गर्दै धर्ना दिएका हुन् ।

वडा कार्यालयमा सो सामानहरू आएको केही दिन बितिसक्दा पनि वितरण नगरिएको भन्दै ज्येष्ठ नागरिकहरूले विरोध गरेका हुन् ।

ज्येष्ठ नागरिकहरूको विरोधलाई वडाध्यक्ष मनोजकुमार गुप्ताले साम्य पारेका थिए । उनले वडासचिव बिदामा भएको कारण वितरण हुन नसकेको बताउँदै सचिव आएपछि आइतवारदेखि वितरण गर्ने आश्वासन दिए । वीरगंज महानगरपालिकाले ३२ वटै वडामा पाँच हजार ८०५ जना ज्येष्ठ नागरिकलाई यी सामग्री वितरण गर्ने अभियान पुस १७ गतेदेखि शुरू गरेको र १२ वटा वडामा वितरण गरिसकेको छ ।

## रोटरी क्लबद्वारा हाइजिन एन्ड डिसिप्लिनबारे अन्तर्क्रिया

प्रस, वीरगंज, २३ पुस/

रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसले 'कोरोना हाइजिन एन्ड डिसिप्लिन' विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

शुक्रवार होटल क्लार्क रिसोर्टमा आयोजना गरिएको कार्यक्रममा डा नीरज सिंह र डा उदयनारायण सिंहले समग्र कोरोना र खासगरी ओमिक्रोनबारे प्रवचन दिएका थिए ।

कार्यक्रममा वीरगंज क्षेत्रका औषधि उद्योगका कर्मचारीहरूको सहभागिता थियो ।

कार्यक्रमका सहभागीहरूले कोभिड तथा कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन र यसको कारण विश्व स्वास्थ्यमा परेको असरबारे राखेका जिज्ञासामा चिकित्सकद्वयले प्रकाश पारेका थिए ।

कोरोना लागेर अति संवेदनशील अवस्थामा पुगिसकेका बिरामीहरू पनि बाँच्न सफल भएको र कोरोना लाग्न सक्दैन भनी सुरक्षाका साथ निर्धक्क भएका व्यक्तिहरूलाई पनि कोरोना सङ्क्रमण भएको चर्चा गर्दै चिकित्सकद्वयले कोरोना सङ्क्रमण हुँदैमा नआत्तिन र सङ्क्रमण हुनै सक्दैन भनेर ढुक्क पनि नहुन आग्रह गरे ।

कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोम कम घातक भनिए पनि यो अध्ययनकै क्रममा रहेको र ओमिक्रोम सङ्क्रमितको पनि ज्यान गइरहेको भन्दै उनीहरूले कोरोना सङ्क्रमण हुन सक्ने कुनै पनि लापरवाही नगरी सावधानी अपनाउन सुझाएका छन् । "सावधानी अपनाउन नछोडौं र आत्तिने पनि नगरौं," चिकित्सकद्वयको सुझाव थियो ।

## जिल्लामा ७७ सङ्क्रमितमध्ये रक्सौलमा सातजनामा कोरोना पुष्टि

प्रस, रक्सौल, २३ पुस/

भारत, बिहारको पूर्वी चम्पारण जिल्ला अन्तर्गत शुक्रवार जारी जाँच रिपोर्टमा बितेको २४ घण्टामा ७७ जनामा कोरोनाको पुष्टि भएको छ ।

सङ्क्रमितमध्ये मोतिहारीमा ३२, रक्सौलमा सात, अरेराजमा पाँच, चकिया, ढाका र सङ्ग्रामपुरमा चार/चार जना, घोडासहन र कोटवा मा तीन/तीन जना, मेहसी र सगौलीमा दुईजना तथा एसआरपी रक्सौल, आदापुर, पिपराकोठी, तुरकौलिया, हरसिद्धि र शरण नर्सिङ मोतिहारीमा एक/एक जना सङ्क्रमित भेटिएको सिभिल सर्जन डा अञ्जनी कुमारले बताए ।

शुक्रवार नै जारी भएको कोरोना गाइडलाइनमा आपत्कालीन सेवाका पसलहरूबाहेक राति ८ बजेसम्म मात्र अन्य पसलहरू खुला रहनेछन् ।

कक्षा ८ सम्म अनलाइन तथा कक्षा ९ देखि १२ सम्म कुल सङ्ख्याको आधा विद्यार्थी सङ्ख्याको उपस्थितिमा सञ्चालन गर्नुपर्ने निर्णय भएको छ ।

सार्वजनिक कार्यक्रममा पचासजना तथा रेस्टुरेन्ट र ढाबामा पचास प्रतिशत क्षमताका साथ मात्र खुल्ने तथा विवाहमा पचासभन्दा बढीको सहभागिता वर्जित गरिएको छ । अन्तिम संस्कारमा बीसजनाभन्दा बढी मानिस सहभागी हुन नपाउने र सपिङ मलहरू पूर्णरूपमा बन्द गर्नुपर्ने, मन्दिरमा पुजारीले मात्र पूजा गर्ने, सिनेमाहल, जिम, पार्क, क्लब बन्द गर्ने निर्णय राज्य सरकारले जारी गरेको छ ।

## तीन हजार वृक्षारोपण, १४० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ पुस/

उद्योगपति मोतीलाल दुगडको ७५औं जन्मदिनको अवसरमा शुक्रवार जीतपुरसिमरा उपमहानगरपालिका-९ छातापिपरामा रक्तदान तथा वृक्षारोपण कार्यक्रम भएको छ ।


तस्वीरः सौजन्य

एमभी दुगड ग्रुप, जीतपुरको आयोजनामा जीतपुरदेखि सिमरासम्म राजमार्गको दुवैतर्फ तीन हजारवटा बिरुवा रोपिएको बिक्री शाखा प्रमुख ऋषभ शर्माले बताए ।

यसैगरी, जन्मदिनको अवसरमा आयोजित रक्तदान कार्यक्रममा छजना महिलासहित १४० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

कार्यक्रममा श्रेया श्रेष्ठ, रूशा थापा, नन्दनी साह, कृतिका गोयल, प्रीति यादव, सिर्जना ज्ञवाली, विजय साह, वेदप्रकाश शर्मा, युनुस अन्सारी, शिव कुमार, रितेश चौधरी, शिवशम्भु चौधरी, जाबिर अन्सारी, श्रीकान्त साह, रूपेश यादव, सरोज कलवारलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

## छोटकरी

### चीसोले मगन्तेको मृत्यु

प्रस, पंचगावाँ, २३ पुस/

चीसोले कठ्याङ्ग्रिएर रङ्गपुर टाँडीमा एकजना वृद्धको मृत्यु भएको छ । पटेर्वासुगौली गाउँपालिका-२ रङ्गपुर टाँडीका मगन्ते ७५ वर्षीय टीकाराम थापाको मृत्यु भएको वडाध्यक्ष विजय गैरेले बताए ।

सो मगन्ते सडक फूटपाथमा जीवन बिताउँदै आएकामा चीसोको कारण निजको मृत्यु भएको वडाध्यक्ष गैरेले बताए । शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाइएको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाले बताए ।

**विचारसार र सूक्तिहरू**

**मनको सट्टा हृदयबाट सोच्नुलाई नै सत्यता भनिन्छ ।**
**– एनन**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# सेवा केन्द्र विस्तार गरौं

**जिल्ला प्रशासन कार्यालय, पर्सा र मालपोत कार्यालय, पर्सामा जहिले भीडभाड रहन्छ । उक्त कार्यालयमा पुग्ने सेवाग्राहीहरू सेवाभन्दा पहिले मानसिक र शारीरिक यातना सहन गर्न बाध्य छन् । वृद्धवृद्धा वा विकलाङ्गका लागि सेवा लिनुपर्दा त झनै समस्या छ । घण्टौं लाइनमा बसेर निवेदन दर्ता गराउनु, त्यसपछि आफ्नो पालो कहिले आउँला भन्दै झ्यालमा उभिंदाको हैरान छुट्टै छ । फाँटमा बुझाइएका कतिपय सेवाग्राहीको निवेदन फाँटैमा हराउँछ । जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकताको प्रतिलिपिको लागि बुझाएको निवेदन तीनपटकसम्म हराएर चौथोपटक प्रतिलिपि पाएका सेवाग्राहीहरू पनि छन् । कतिपयको प्रतिलिपिको लागि १५ दिनसम्म धाउनुपरेको गुनासो छ । लाइनमा बसेर झ्यालमा पुग्यो, कार्यालय बन्द हुने समय हुन्छ । त्यसपछि भोलि फेरि लाइन लाग्यो । यो क्रम १५ दिनसम्म पनि चलेको छ । प्रतिलिपिको लाइनमा बसेका सेवाग्राहीहरू वाक्कदिक्क भएर मानसिक एवं शारीरिक तनावका कारण लाइनमा नै अचेत भएर लडेका छन् । मालपोत र नापी कार्यालयका प्रायः सबै फाँट साथै जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट, राहदानी, मतदाता नामावली, राष्ट्रिय परिचयपत्र वा जुनसुकै फाँटको पनि अवस्था उस्तै छ ।**

**सुधारका लागि प्रयास नभएको होइन । सुरक्षाकर्मी खटाएर लाइन राख्ने, काम भइसकेका सेवाग्राहीको नामावली प्रकाशन गर्ने, बार तथा दिन छुट्ट्याएर पालिकागतरूपमा सेवा दिने, बिहानी सेवा सञ्चालन गर्नेलगायतका प्रयासहरू भए तर ती कुनै पनि उपायले भीडभाडको समस्या समाधान हुन सकेन । बितेको वर्ष जिल्ला प्रशासन कार्यालय, पर्साको प्रतिलिपि फाँटमा प्रमुख जिल्ला अधिकारी आफैं बसेर सेवा प्रदान गराउँदा पनि भीड साम्य हुन नसकेपछि हार मान्नुपरेको थियो । सेवाग्राहीको चाप कार्यालय तथा कार्यालयमा उपलब्ध जनशक्तिको क्षमताभन्दा बढी भएपछि जुनसुकै उपाय पनि असफल हुन्छ । व्यवस्था परिवर्तन भएर गाउँगाउँमा सिंहदरबारको नारा लागिसक्दा पनि अति आवश्यक सेवाहरू प्राप्तिका लागि सेवाग्राहीहरू प्रताडित भइरहनुपरेको छ ।**

**सदरमुकाम धाउँदा सेवाग्राहीले सास्ती भोग्नुपरेको भन्दै पोखरियामा सेवा केन्द्र स्थापना गर्न नेपाली काङ्ग्रेसले माग गरेको छ । जनसङ्ख्या वृद्धिसँगै सेवाग्राहीको चाप बढ्दो छ । सेवाप्रदायक कार्यालय भने झन साँघुरिंदै छ । दुई लाख जनसङ्ख्या छँदाका सेवाप्रदायक कार्यालयहरू आज चौगुना जनसङ्ख्या वृद्धि भइसक्दा पनि त्यही अवस्थामा छन् । माओवादी सशस्त्र द्वन्द्वभन्दा पहिले पर्साको पोखरियामा पनि इलाका प्रशासन कार्यालय थियो । पोखरिया र सो आसपासका सेवाग्राहीको नागरिकता साथै सानातिना झैंझगडा एवं मुद्दा मामिलाहरू इलाकाबाटै समाधान गरिन्थ्यो । आज सुपौलीमा जिल्ला प्रशासन कार्यालयको सेवा केन्द्र राखिएको भएपनि त्यसले स्थानीय सेवाग्राहीको समस्या समाधान गर्नेभन्दा थप्ने काम गरेको छ । जिल्ला सदरमुकाममा आउने सेवाग्राहीहरू हतारमा हुन्छन्, किनभने जिल्लाको एकातर्फ छेउमा सदरमुकाम छ । जिल्लाको अर्को छेउदेखि आउने सेवाग्राहीहरू काम सकाएर फर्कने हतारमा हुन्छन् । सेवाग्राहीहरू हतारिने भएको कारण पनि सदरमुकामका सेवाप्रदायक कार्यालयहरूमा भीड बढ्ने गरेको हो । जिल्ला प्रशासन कार्यालयको मातहतमा रहने गरी उपयुक्त स्थानहरू छनोट गरेर सेवा केन्द्र विस्तार गरेमा [redacted] प्राप्त गर्न सक्नेछन् ।**

# मानव व्यवस्थापन : एक चुनौती

दर्शन विचार



राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com

**मानवीय व्यवस्थापन भनेको मानव हितका लागि लाभ खोज्ने जनमुखी व्यवस्थापन हो । यो अन्य प्रकारका व्यवस्थापनविपरीत छ, जुन अनिवार्यरूपमा मानव हितको लागि सोचिन्छ र मानव कल्याणविना कुनै पनि व्यापार र व्यवसायले सोचेको लक्ष्य प्राप्त गर्न सक्दैन ।**

औद्योगिकीकरणको आगमनपछि समाज विज्ञान र प्रविधिको विकासतर्फ अघि बढ्यो ।

फलस्वरूप युरोप र अमेरिकामा ठूला–ठूला कलकारखाना र उद्योगहरू स्थापना हुन थाले, जसले अन्ततः विश्वलाई पूँजीवाद, साम्यवाद, समाजवाद, नारीवाद, युनियनवाद, विश्वव्यापीकरण, नववैश्वीकरणमा पु¥यायो र पछिल्लो हो– डाटा क्यापिटलिज्म (Data Capitalism) । यी सबै घटनालाई मध्यनजर गर्दै मानव संसाधनको व्यवस्थापन एक अप्ठ्यारो काम भएको छ ।

मानवीय प्रबन्धन भनेको मानिस उन्मुख व्यवस्थापनको बारेमा हो, जसले मानव उद्देश्यका लागि विशेषाधिकारहरू खोज्छन् । विभिन्न प्रकारका व्यवस्थापनसँग विपरीत जुन अनिवार्यरूपमा नाफातर्फ उन्मुख हुन्छ, र मानिसहरूलाई यस लक्ष्यको सेवाको लागि मात्र स्रोतको रूपमा लिइन्छ ।

थप रूपमा मानव व्यवस्थापनले मानिसहरूको फस्टाउने र कल्याणको लागि हेरचाह देखाउनका साथै संस्थाहरूको व्यवस्थापनमा व्यक्तिहरू र मानव पक्षहरूका लागि सरोकार राख्छ । यो व्यवस्थापन मानव मनोविज्ञानको पनि व्यवस्थापन हो ।

**मानवीय व्यवस्थापनको फ्ल्यासब्याक (स्मृति):**

व्यवस्थापन विचारको पहिलो दशकमा धेरै विद्वान्ले व्यवस्थापनको मानव पक्षको सारको रक्षा गरे, ‘मानववादी व्यवस्थापन’ भन्ने अभिव्यक्ति प्रयोग नगरेर पनि ।

केहीले मानवीय आवश्यकता र प्रेरणाको लोकाचारलाई केन्द्रित गरे (अब्राहम मास्लो, एमसी ग्रेगरी, हर्जबर्ग, र केही अन्य), जबकि अरू केहीले व्यवस्थापनको दृष्टिकोणलाई अनावरण गरे, जसले प्राविधिक र मानवीय पक्षहरूलाई फरक पार्न सकेन वा जसले व्यक्तिको केन्द्रीयतालाई जोड दिन्छ (फोलेट, बर्नार्ड, ड्रकर) ।

तसर्थ व्यवस्थापन अध्ययनका अग्रगामी पार्कर फोलेटले तर्क गर्छन्, “हामी मानव र यान्त्रिक समस्यालाई पूर्णरूपमा अलग गर्न सक्दैनौं । तर तपाईंले हरेक दिन देख्नुहुन्छ कि व्यापारमा मानव सम्बन्धको अध्ययन र सञ्चालनको प्रविधिको अध्ययन एक साथ बाँधिएको छ ।”

चेस्टर आई बर्नार्डले व्यापारमा सहयोगको महत्त्व र मानिसहरूलाई आदर र सम्मान दिन र तिनीहरूबीचको सहयोगलाई प्रवर्द्धन गर्ने प्रबन्धकहरूको जिम्मेवारीलाई केन्द्रित गरे ।

व्यवस्थापनका महान् विद्वानको रूपमा चिनिने पिटर ड्रकरले तर्क गरे कि व्यवस्थापन भनेको व्यक्तिको पूर्णताको महत्त्वलाई जोड दिने हो– शक्ति, मूल्य, संरचना र जिम्मेवारीहरू ।

व्यवस्थापनमा मानववादी शब्द पहिलोपटक सन् १९६७ मा डेभिड ई. लिलिएन्थलद्वारा व्यवस्थापन एक मानववादी कला शीर्षकको साथ एक पुस्तकमा प्रयोग गरिएको थियो ।

स्वार्ट (१९७३) ले ‘मानववादी व्यवस्थापन’ शब्द प्रयोग गरी उत्पादकत्व सुधार गर्न वैज्ञानिक व्यवस्थापनद्वारा स्थापित कार्यहरूको नीरस पुनरावृत्तिलाई पार गर्नको लागि त्यस समयमा गरिएको अभिनव प्रस्तावको सेटलाई जनाउन प्रयोग गरे । तर कार्यकर्ताको उत्प्रेरणालाई कुनै विचारै गरिएन ।

उनी थप जोड दिन्छन्, “मानवीय व्यवस्थापन, जसलाई प्रायः रोजगार संवर्धन भनिन्छ । पुराना समस्याहरू, प्रेरणा, काम सन्तुष्टि, मनोबल र उत्पादकताको सामना गर्ने नयाँ तरीका हो ।”

सन् १९८० पछि डेलीले मानववादी व्यवस्थापनलाई उत्पादकता र मानव क्षमताको विकास गर्ने माध्यमका रूपमा धेरैले हेर्छन् भन्ने विचार ल्याए ।

घोषाल र बार्टलेट (१९९७) परम्परागत औद्योगिक मेशिनको सट्टा जनकेन्द्रित नीतिहरू, कर्पोरेट उद्देश्य र संस्कृतिमा केन्द्रित थिए । फेइफरले सङ्गठनात्मक सफलता हासिल गर्न मानिसहरूलाई पहिलो प्राथमिकतामा राख्न सुझाव दिए ।

यो एक ध्रुवीय तथ्य हो कि बीसौं शताब्दीमा व्यवस्थापनले ठूलो विकास गऱ्यो ।

त्यो शताब्दीको पहिलो दशकमा टेलरको व्यवस्थापकीय सिद्धान्तहरू र हेनरी फोर्डको प्रविधिको साथ र कामदारहरूको मानव अवस्थालाई कम ध्यान दिइयो, तिनीहरूलाई उत्पादनशील कार्यहरूमा अझ प्रभावकारी बनाउनुबाहेक ।

टेलरले उत्पादनमा सुधार गर्नको लागि पैसा कमाउन र समय तथा गतिविधिहरूको सङ्गठनमा कामदारहरूको स्वार्थमा मात्र ध्यान केन्द्रित गरे । जबकि फ्योलले व्यवस्थापनका कार्यहरूमा आफ्नो दृष्टिकोण सीमित राखे र फोर्डले एसेम्बली लाइनमार्फत उत्पादकता बढाउनमा ध्यान केन्द्रित गरे ।

तिनीहरू सबैले आफ्ना सिद्धान्तहरूलाई हाइलाइट गरे कि व्यक्तिको छवि एकदम यान्त्रिक थियो । प्रबन्धकहरूले कामको योजना बनाए र आदेशहरू दिए, जुन कर्मचारीहरूले पालना गर्नुपर्ने थियो । यसको लागि इनाम मूलतः पैसा मात्र थियो ।

त्यहाँ भावना, सहानुभूति र समानुभूतिको कुनै ठाउँ नै थिएन ।

**मानव व्यवस्थापनको लागि प्राथमिकता:**

सहकार्य, समन्वय, समानुभूति, भावनात्मक बुद्धिमत्ता र सबै सरोकारवालाहरूबीचको ऐक्यबद्धता व्यवसाय व्यवस्थापनका लागि कोसेढुङ्गा हो, जसले राम्रो ‘मानवीय व्यवस्थापन’को लागि मार्गप्रशस्त गर्नेछ ।

यदि व्यापारिक फर्महरू आफ्ना व्यक्तिगत लक्ष्यहरू प्राप्त गर्न निरन्तर प्रतिस्पर्धा गर्दै साझा लक्ष्यहरूको लागि कुनै चिन्ता र सहयोगको पूर्ण अभावका साथ निरन्तर प्रतिस्पर्धा गर्ने स्वार्थी व्यक्तिहरूको मात्र सङ्ग्रह हो भने तिनीहरू बाँच्न सक्दैनन् ।

व्यवहारमा सङ्गठन गठन गर्नेहरू केही हदसम्म पहिचान, प्रतिबद्धता र साझा लक्ष्यहरू प्राप्त गर्न इच्छुक व्यक्तिहरू हुन् । कहिलेकाहीं यी लक्ष्यहरू प्राप्त गर्नाले केही व्यक्तिगत स्वार्थ त्याग्नु पर्ने हुन सक्छ ।

कुनै उद्यमको इतिहास र संस्कृति, विशेषगरी जब यसको निश्चित उमेर हुन्छ, एकता सिर्जना गर्न पनि योगदान गर्दछ ।

ती सबैले उद्यमहरूलाई व्यक्तिहरूको समुदायको रूपमा विचार गर्न निम्त्याउँछन्, नाफाको औजार र वातावरणमा आफूलाई छाँटकाँट गर्ने प्रयास गर्ने जीवहरूको रूपमा ।

यसबाहेक व्यावसायिक फर्महरू समाजका हिस्सा हुन् र यससँग निरन्तर अन्तर्क्रिया गर्छन् । तिनीहरू समाजका लागि परजीवी वा क्यान्सर हुन सक्दैनन् तर सामाजिक जीवन र स्थायित्वको स्तम्भ हुन सक्छन् र त्यसैले एकमात्र सही दृष्टिकोण भनेको फर्म र समाजबीचको सहकार्य र साझा हितको लागि चासो हो ।

यदि साझा लक्ष्यलाई उपेक्षा र बेवास्ता गरियो भने सामाजिक द्वन्द्व सिद्धान्तको दृष्टिकोणबाट उत्पन्न हुनेछ । व्यावसायिक फर्महरूको सफल व्यवस्थापनको लागि मानवीय गुणहरू विचार गर्नुपर्छ । सद्गुण एक गुण हो, जसले व्यक्तिलाई आफ्नो भूमिका निर्वाह गर्न सक्षम बनाउँछ ।

मानवीय गुणहरू मानव आवश्यकता र पूर्तिसँग मात्र सम्बन्धित छन् ।

तसर्थ मानवीय व्यवस्थापनले मानिसहरूलाई उत्प्रेरित गर्ने र मानवीय गुणहरूमार्फत व्यक्तिको रूपमा बढ्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्छ ।

व्यक्तिहरूको समुदाय, जुन उद्यम हो, समुदायको रूपमा बलियो बन्नको लागि मानवीय व्यवस्थापनले एकताको विकास गर्नुपर्छ ।

थपरूपमा यसले प्रेरणा र सङ्गठनात्मक संस्कृतिलाई पुनर्विचार गर्नुपर्दछ । प्रबन्धकहरूले आफ्ना वरपरका मानिसहरूलाई सद्गुणहरू प्राप्त गर्न उत्प्रेरित गर्नुपर्दछ र सङ्गठनात्मक संस्कृतिभित्र विश्वास र मूल्यहरू पत्ता लगाउन र प्रवर्द्धन गर्ने प्रयास गर्नुपर्दछ, जसले मानव गुणहरूलाई यसको सबै रूपहरूमा यसको पूर्ण हदसम्म पालनपोषण गर्दछ । यसले यी अवधारणाहरू र मानववादी व्यवस्थापनलाई व्यावहारिक तरीकाहरूबीचको सम्बन्धमा डोऱ्याउँछ ।

**कोभिडपश्चात् मानव व्यवस्थापन:**

कोभिड–१९ ले सबै कम्पनी र संस्थालाई ठूलो धक्का दिएको छ ।

प्रबन्धकहरू र मानव संसाधन व्यवस्थापन व्यवसायीहरूका लागि जटिल र चुनौतीपूर्ण वातावरण निर्माण गर्नु, जसले आफ्ना कम्पनीहरूको दृढता सुनिश्चित गर्न र आफ्ना कर्मचारीहरूलाई यस असाधारण सङ्कटको सामना गर्न, मदत गर्न अन्तर्दृष्टिपूर्ण समाधानहरू खोज्न आवश्यक छ, जुन पक्कै पनि फलामको चिउरा चपाउनु जस्तै हो तर अगाडि त बढ्नै पर्छ । समाज कहिल्यै पनि यथास्थितिमा रहन त सक्दैन ।

यो पोस्ट कोभिड अवधिमा मानव व्यवस्थापन एक प्रबन्धकको लागि चुनौतीपूर्ण र साहसिक जड भएको छ, जसले कम्पनीहरूलाई नियमित सञ्चालनको बाटोमा नेतृत्व गर्न सक्छ ।

कम्पनीहरू सकारात्मक कारोबारको आशामा पुनः सञ्चालनमा आउन थालेका छन्, उद्योगीहरूमा झिनो आशा पलाएको छ कि कोभिडपछिको अवस्था सामान्यीकरणतिर लाग्नेछ र आफ्नो घाटाको क्षतिपूर्ति हुनेछ साथै उनीहरूको पूँजी र मनोवैज्ञानिक क्षतिको व्यवस्थापन हुनेछ ।

कर्मचारीहरूलाई सहयोग गर्ने हातहरू अगाडि बढाउनु र तिनीहरूलाई सामान्य अवस्थामा फर्काउनु एउटा महत्त्वपूर्ण कार्य हो । धेरै अर्थशास्त्रीले यो महामारीको कम्पन सन् २०२२ को अन्त्यसम्म रहने भविष्यवाणी गरेका छन् ।

धेरै देशले आविष्कार गरेका खोपहरू उपलब्ध भए तापनि यो भाइरस अन्त्य हुन्छ कि फेरि अन्य घातक रूपहरूमा देखा पर्छ भन्ने कुरामा सबै डराएको अवस्था छ अहिले ।

तसर्थ, रणनीतिक योजना प्रदर्शन वा प्रारम्भिक प्रत्यारोपण प्रबन्धनहरू र मानव संसाधन व्यवस्थापन व्यवसायीहरूको लागि चुनौतीपूर्ण हुन सक्छ ।

कर्मचारी निजीकरण, कर्मचारीहरूको कल्याणमा ध्यान केन्द्रित, कार्यबलमा लचिलोपन, कर्मचारीको कौशलताको विकास, कृत्रिम बौद्धिक–सञ्चालित टेक्नोलोजी (Artificial Intelligence) र पवित्रता र समानुभूतिको भावनाको साथ सङ्गठनमा मानव संसाधन व्यवस्थापन गर्न मदत गर्न सक्ने आधारभूत उपकरणहरू हुन् ।

सबै कुरालाई ध्यानमा राखेर मानिसहरूको प्रभावकारी नियन्त्रण, अधिनायकवादी नियन्त्रणको प्रयोगको सट्टा भित्री आत्मप्रेरणाबाट आउँछ ।

मानवीय व्यवस्थापन भनेको व्यवस्थापन र कार्यसम्पादनमा मानवीय गुणहरूको सारमा केन्द्रित हुनु हो । मानव व्यवहारले सङ्गठनात्मक व्यवहारलाई प्रभाव पार्छ, कम्पनीहरूको सफलता वा असफलता निर्धारण गर्दछ ।

**मानवतावादी व्यवस्थापनको महत्त्व:**

मानवतावादी व्यवस्थापन एक फरक परिप्रेक्ष्य हो, जसमा मानिसहरू महत्त्वपूर्ण हुन्छन् । “मानवीय व्यवस्थापनको उद्देश्य ती चीजहरू जुन बजारमा आदानप्रदान गर्न सकिन्छ र ती चीजहरूबीचमा अझ सन्तुलित सम्बन्ध सिर्जना गर्नु हो, जसले जीवनलाई सार्थक बनाउँछ, अर्थात् मानव मर्यादा र कल्याण ।

मानवीय व्यवस्थापन भनेको मानव हितका लागि लाभ खोज्ने जनमुखी व्यवस्थापन हो । यो अन्य प्रकारका व्यवस्थापनविपरीत छ, जुन अनिवार्यरूपमा मानव हितको लागि सोचिन्छ र मानव कल्याणविना कुनै पनि व्यापार र व्यवसायले सोचेको लक्ष्य प्राप्त गर्न सक्दैन । मानवतावादी व्यवस्थापन धेरै व्यापक अर्थमा बुझिएको छ, यसले व्यक्ति र सङ्गठनहरूको व्यवस्थापनमा मानव पक्षहरूको लागि सरोकारको सम्बन्धमा वकालत गर्दछ ।

अल्बर्ट आइन्स्टाइनका अनुसार मानिसको नैतिक व्यवहार सहानुभूति, शिक्षा र सामाजिक सम्बन्धमा आधारित हुनुपर्छ, कुनै धार्मिक आधार आवश्यक छैन । सजायको डर र मृत्युपछि इनामको आशामा संयमित भएर बस्नुपर्दा मानिस साँच्चै गरीबीको बाटोमा हुनेछ ।

# १०० परिवारलाई कम्बल वितरण

महोत्तरी, २३ पुस/रासस

जलेश्वर नगरपालिका–८ मा नेपाल रेडक्रस सोसाइटी, महोत्तरी शाखाको बजराही उपशाखाले शुक्रवार १०० परिवारलाई कम्बल वितरण गरेको छ । पुस महीनाको सुरुआतदेखि नै बढेको चीसो र शीतलहरका कारण जाडोबाट प्रभावित भएका जलेश्वर नपा–८ अन्तर्गतका बजराही, रमौल र रतबाराका १०० परिवारलाई प्रतिपरिवार एक/एक वटा कम्बल वितरण गरिएको नेपाल रेडक्रस सोसाइटी, महोत्तरीले जनाएको छ । सोसाइटीका कोषाध्यक्ष विजयकुमार गुप्ता, जिल्ला कार्यसमिति सदस्य अवधेश ठाकुर, बद्रीनारायण झा, स्वयंसेवक दीलिप मिश्र, स्थानीय विपेन्द्र पाण्डेसहितको सहभागितामा वडा नं ८ का १०० परिवारलाई कम्बल वितरण गरिएको हो । कम्बल प्राप्त भएपछि उनीहरू निकै खुशी देखिएका थिए ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मकवानपुरमा मिडिया : एक ऐतिहासिक अनुसन्धान

राइनिसी मिडिया एन्ड रिसर्च सेन्टर, काठमाडौंले मकवानपुरमा मिडिया (एक अनुसन्धानमूलक पुस्तक) प्रकाशमा ल्याएको छ। पुस्तकको नाम नै आकर्षक छ र कृतिको शीर्षकले नै विषयवस्तुको सम्पूर्ण अनुमान सार्थक तुल्याउँछ।

कृति समीक्षा



सञ्जय मित्र
mitrasanjay41@gmail.com


**पत्रकारिताको सामान्य ज्ञान जान्न चाहनेको लागि यो आलेख निकै उपयोगी हुनेछ। नेपालको कुनै पनि जिल्लाको पत्रकारिताको इतिहासलेखनको लागि यो कार्य अनुकरणीय हुने कुरा पनि यसमा बताइएको छ।**

मकवानपुरमा रहेर पत्रकारिता गर्दै आएका ऊर्जावान्, क्रियाशील, सार्थक पत्रकारिताका पर्याय एक सङ्घर्षशील युवा अन्वेषक गिरिजा अधिकारीले मकवानपुरमा मिडियाको अनुसन्धान गरेका हुन्। साहित्यिक क्षेत्रमा पनि सक्रिय अधिकारीको मुख्य कर्म नै पत्रकारिता हो। प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार, प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार, कान्तिपुर पत्रकारिता पुरस्कार, क्रियाशील युवा पत्रकारिता पुरस्कार, सूचनाको हकसम्बन्धी प्रादेशिक पुरस्कारलगायतबाट पुरस्कृत अधिकारी विभिन्न सम्मानबाट सम्मानितसमेत छन्।

मकवानपुरमा मिडिया एउटा गरिमामय पुस्तक हो। ऐतिहासिक दस्तावेज हो। पत्रकारिताको सिद्धान्तको बारेमा जान्न चाहनेका लागि यो कृति निकै महत्त्वपूर्ण साबित हुन सक्छ। र कुनै पनि भौगोलिक सीमाभित्र रहेर पत्रकारिताको इतिहास लेख्न चाहने अनुसन्धानकर्मीको लागि यो कृति एउटा सुन्दर मार्गदर्शक बन्न सक्छ।

कठिन परिश्रमले तयार पारिएको प्रस्तुत कृतिलाई धेरै कोणबाट पठनीय र सङ्ग्रहनीय बनाइएको छ। छ खण्डमा विभाजित यस कृतिको पहिलो खण्डमा पत्रकारिताको इतिहास प्रस्तुत गरिएको छ। यस खण्डमा पत्रकारिताको परिचय, पत्रकारिताको परिभाषा, पत्रकारिताका तत्त्वहरू, पत्रकारिता र अन्य लेखनबीच भिन्नता प्रस्तुत गरिनुका साथै यसै खण्डमा नेपालको पत्रकारिताको विकासलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ। पत्रकारिताको सिद्धान्त र दर्शनसम्बन्धी जान्न चाहनेका लागि यो खण्ड निकै महत्त्वपूर्ण रहेको छ। पत्रकारिता पेशामा लागेका तथा पत्रकारिताबारे सैद्धान्तिक ज्ञान नजानेकाले यस खण्डबाट पर्याप्त लाभ लिन सक्छन्।

पुस्तकको मूल खण्ड दोस्रो खण्डबाट शुरू भएको छ। कृतिको शीर्षकको दृष्टिकोणले दोस्रो खण्ड यस कृतिको आत्मा हो। मकवानपुरमा पत्रकारिताको विकासक्रम दोस्रो खण्डको शीर्षक हो। यस अन्तर्गत मकवानपुरमा पत्रकारिताको सुरुआत कसरी भएको हो, कहाँबाट भएको हो र पत्रकारिताकाका के कस्ता स्वरूपहरू रहेका छन् भन्ने विषयमा आधिकारिक प्रस्तुति रहेका छन्। मकवानपुरमा पत्रकारिताको क्षेत्रमा आएका हरेक नवमोडलाई एउटा काल मानिएको छ। उदाहरणको लागि मकवानपुरमा औपचारिकरूपमा पत्रिका दर्ता भएर पत्रिका प्रकाशन हुनुभन्दा पहिले पर्चा, पम्पलेट, भित्ते पत्रिका, हस्तलिखित पत्रिका आदिको युगलाई मकवानपुरे पत्रकारिताको पृष्ठभूमिकाल भनिएको छ। २०३७ मङ्सिर १२ गते मकवानपुर जिल्ला प्रशासन कार्यालयमा कमल थापा प्रकाशक सम्पादक रही विश्लेषण साप्ताहिक पत्रिका दर्ता गरिएको थियो। त्यस दिनदेखि मकवानपुर पत्रकारिताको साप्ताहिक तथा अन्य पत्रिकाको काल भनिएको छ। यसैगरी, २६ भदौ २०५३ मा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा गढी टाइम्स दैनिक पत्रिका दर्ता भएको दिनदेखि मकवानपुरे




पत्रकारिताको दैनिक पत्रिकाको काल भनिएको छ। साप्ताहिक पत्रिकाको कालमा अनेक साप्ताहिक पत्रिकाहरू दर्ता भए र धेरै प्रकाशन पनि भए। दैनिक पत्रिकाको कालमा पनि साप्ताहिक पत्रिकाहरू चलि नै रहे भने दैनिक पत्रिकाहरू पनि थपिँदै गए। दैनिक पत्रिकाको कालमा साप्ताहिक पत्रकारिता केही फिका जस्तो लाग्नु स्वाभाविक हो। मकवानपुरे पत्रकारितामा २० फागुन २०५६ देखि रेडियो पत्रकारिताको काल सुरुआत हुन्छ। हेटौंडामा मनकामना एफएम यसै दिन दर्ता भएको हो। हुनत मनकामना एफएम नेपालकै पहिलो व्यावसायिक रेडियोको गरिमापूर्ण इतिहास बोकेको मानिन्छ। यसपछि मकवानपुरमा अन्य एफएम रेडियोहरू खुल्ने क्रम जारी हुन्छ र मकवानपुरमा रेडियो पत्रकारिताले सूचनाको क्षेत्रमा एउटा क्रान्ति ल्याएको छ। ३१ असार २०६८ मा सूचना तथा सञ्चार मन्त्रालयले टीम टेलिभिजनलाई दर्ता अनुमति दिएपछि मकवानपुरे पत्रकारितामा टेलिभिजन पत्रकारिताको काल सुरुआत हुन्छ। यसैगरी, १२ वैशाख २०७४ मा मकवानपुरको पहिलो अनलाइनको रूपमा तुखबरडटकम सूचना विभागमा दर्ता भएको दिनदेखि मकवानपुरे पत्रकारिताको अनलाइन पत्रकारिताको काल आरम्भ हुन्छ। स्टेट भिजन प्रकाशक रहेको तुखबरडटकमभन्दा पहिले पनि मकवानपुरमा अनलाइन सञ्चालनमा नआएको होइन तर औपचारिक दर्ता भएर अनलाइनमा सञ्चालनमा आएको पहिलो अनलाइन तुखबरडटकम नै हो। यसपछि मकवानपुरे पत्रकारितामा अनलाइन पत्रकारिताको गज्जबको वर्चस्व रहेको छ। दुई दर्जनभन्दा बढी अनलाइनहरू सञ्चालनमा रहेका छन्।

कृतिको तेस्रो खण्ड हो– मकवानपुरमा पत्रकारिताको संस्थागत इतिहास। यसको पहिलो उपखण्ड साझा संस्थाको विकासमा नेपाल पत्रकार महासङ्घ, मकवानपुर शाखाजस्ता अन्य केही साझा संस्थाको विकास र तिनले मकवानपुरे पत्रकारिताको विकास र प्रवर्द्धनमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ। दलीय/वैचारिक संस्थाहरूको विकास उपखण्डमा विभिन्न राजनीतिक दलहरूको निकट मानिने पत्रकारिताका संस्थाहरूको गठन र तिनका प्रमुख व्यक्तित्वहरूबारे चर्चा गरिएको छ।

कृतिको चौथो खण्ड हो– पत्रकारिता क्षेत्रका केही व्यक्तित्व। यसलाई पनि दुई उपखण्डमा विभाजन गरेर अध्ययन गरिएको छ। पहिलो उपखण्डको नाम दिइएको छ– मकवानपुरको पत्रकारिता क्षेत्रका केही व्यक्तित्व। यस अन्तर्गत ऋषि केबी, कमल थापा, कृष्णाराम परियार, कौशल पाण्डे, नवराज शर्मा, प्रताप विष्ट, भानुभक्त आचार्य, मणिराज गौतम, महेन्द्र श्रेष्ठ, रामचन्द्र आचार्य फुर्सती, राममणि दाहाल, रामशरण दुलाल, लक्ष्मण बजगाईं, समीरकुमार नेपाल र हरिप्रसाद हुमागाईंको परिचय र मकवानपुरे पत्रकारितामा योगदानको सम्मान गरिएको छ। मकवानपुरका चर्चित पत्रकारको योगदानको चर्चा गरिनुले यस कृतिको ओज बढाएको छ। यसको दोस्रो उपखण्ड हो– मकवानपुरबाट पत्रकारिता शुरू गरी मकवानपुरबाहिर सक्रिय रहेका पत्रकारहरू। यस अन्तर्गत उमेश सुनार, खेम बोलखे, दीपक अधिकारी, धीरज बस्नेत, नरेन्द्र सापकोटा, प्रकाश ढुङ्गाना, युग पाठक, विजयराज खनाल, वैकुण्ठ ढकाल, सन्तराम बिंडारी, श्वेता सिन्हा, सञ्जय साह मित्र, सन्तोष देउजा, सुरेश बिडारी र होम कार्कीको पत्रकारिताको प्रारम्भिक परिचयका साथमा वर्तमानको पत्रकारिताको चर्चा गरिएको छ, जसले मकवानपुरे पत्रकारिताको सम्मानमा वृद्धि भएको महसूस गराएको छ।

कृतिको पाँचौं खण्डको शीर्षक हो– अन्य सङ्घसंस्थाले मकवानपुरको पत्रकारितामा गरेको योगदान। यसमा दुई उपखण्ड रहेका छन्। यसको पहिलो उपखण्ड हो– सङ्घसंस्थाहरू। यस अन्तर्गत मकवानपुरे पत्रकारितामा योगदान दिने हेटौंडा उपमहानगरपालिका, नारायणी यातायात व्यावसायी सङ्घ, उद्योग वाणिज्य सङ्घ मकवानपुर, उद्योग सङ्घ हेटौंडा, मदन मेमोरियल ट्रस्ट, मातृभूमि साहित्य समाजजस्ता सङ्घसंस्थाहरूको पत्रकारिताको क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन गरिएको छ। यसैगरी, दोस्रो उपखण्ड हो– सञ्चार माध्यम/सञ्चार संस्थाले पत्रकारका लागि स्थापना गरेका पुरस्कारहरू। यस अन्तर्गत नेपाल पत्रकार महासङ्घ मकवानपुर शाखा, चलचित्र पत्रकार सङ्घ, तुखबरडटकम, खबरब्रेक डटकम, निकास साप्ताहिक, प्रेस सेन्टर मकवानपुर, प्रेस चौतारीले स्थापना गरेका पुरस्कारहरूको नामका साथै पुरस्कृत प्रतिभावान् सञ्चारकर्मीहरूको पनि नाम दिइएको छ। समग्रमा यस खण्डलाई सम्मानको खण्ड मान्नु राम्रो हुन्छ।

कृतिको छैटौं वा अन्तिम खण्ड हो–

(बाँकी चौथो पातामा)

# वीरगंज चिनी कारखाना : एक कालखण्डको अन्त्य

यस क्षेत्रको मुख्य पहिचान थियो, वीरगंज चिनी कारखाना। पर्सादेखि सर्लाहीका हजारौं परिवारको आर्थिक उन्नति वीरगंज चीनी कारखानामा निर्भर थियो। उहिलेको धरोहर अहिले खण्डहरमा परिणत भइसकेको छ। अर्बौंको सम्पत्ति खेर गइरहेको छ। सयौं

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**वीरगंज चिनी कारखाना बन्द भएपछि रोजगार र उखुखेतीको अस्तित्व मात्र समाप्त भएन, अपितु अर्बौंको सम्पत्ति अहिले खण्डहरमा परिणत भइसकेको छ। चिनी कारखानाको पुनर्जीवनप्रति कुनै पनि पक्ष संवेदनशील देखिएन।**



वीरगंज चिनी कारखाना। तस्वीरः लेखक

बिघा जमीन उपयोगविहीन छ। चिनी कारखाना एकमात्र यस्तो उद्योग हो, जसको लागि कच्चा पदार्थ विदेशबाट आयात गर्नुपर्दैन। चिनी कारखाना नितान्तरूपमा कृषि र किसानसँग सम्बद्ध उद्योग हो। सरकारी वा निजी जुनसुकै स्तरबाट भएपनि कारखाना सञ्चालन गर्ने अग्रसरता यस क्षेत्रका साथै प्रदेश र देशको आर्थिक उन्नतिको खुड्किलो हुन सक्छ। देश विकासको नारा घन्काउने शीर्षजनको भाले/पोथी मात्र पनि हराएमा जसरी ताण्डव मच्चाउने हिम्मत जाग्रत हुन्छ, त्यसैगरी महत्त्वपूर्ण कार्यका लागि दृढ सङ्कल्पित हुने हो भने आर्थिक उन्नतिको गोरेटो खण्डहरमा परिणत हुने थिएन। नितान्तरूपमा खण्डहरमा परिणत उद्योगहरूको पुनर्उत्थान राजनीतिक नेतृत्वकर्ता र सत्तामा सन्निहित छ।

आजको यस आलेखमा जुन वृद्धको अनुभव साझा गरिंदैछ, उनी आजभन्दा ५२ वर्षअघि तन्नेरी थिए। मुहारमा जुङ्गा र दाढीको सूक्ष्म छाया प्रकटोन्मुख थियो। सोही बेला अर्थात् विसं २०२६ मा उनी वीरगंज चिनी कारखानामा सहचालक पदमा बहाल भए। झन्डै ३२ वर्ष काम गरे र सेवानिवृत्त भए। पर्साको पोखरिया नगरपालिका वडा नं ४ का गोरख साह कानूसँग भएको संवादको संक्षिप्त अंश :

**गोरख साह कानू**
(सेवानिवृत्त टचाक्टर चालक, विचिकालि)



काम जुनसुकै भए तापनि रोजगारको आकाङ्क्षा उत्कर्षमा थियो। तन्नेरी थिएँ। दुई/चार पैसा आर्जन गर्नुपर्छ भन्ने सोच थियो। आज जसरी कोरोनाको डरलाग्दो परिस्थिति छ, उसैगरी उहिले मलेरियाजन्य परजीवीको प्रकोप उग्र थियो। उपचारको अभावमा ज्यान जाने जोखिम उच्च थियो। सरकारी अवधारणा अनुसार मलेरिया निवारण हेतु विभिन्न ठाउँमा कार्यालय सञ्चालन हुन थाल्यो। संयोग नै भन्नुपर्छ, मलेरिया निवारण कार्यक्रम अन्तर्गत पोखरियामा पनि कार्यालय स्थापना भयो। म कामको आकाङ्क्षी थिएँ र रोजगारको अवसर द्वारमा आइपुग्यो। मैले प्रयत्न गरें र रोजगारको अवसर प्राप्त भयो। घरघरमा पुगेर मलेरियाविरुद्धको औषधि छर्कने काम पाएँ। मलेरियाको औषधि छर्कने कार्यका लागि दैनिक ज्यालादारीमा भए तापनि काम पाउनु नै मेरो लागि उत्साहपूर्ण क्षण थियो। दुई/चार पैसा हातमा आउन थालेपछि म असाध्यै खुशी थिएँ। तोकिएको क्षेत्रमा दिनभरि औषधि छर्कने काम गर्थें। उहिले प्रायः फुस र खपडाको घरमा खरको टाटी हुन्थ्यो। प्रत्येक घरका भित्ताहरूमा औषधि छर्कने काम गर्नुपर्थ्यो। यद्यपि मन प्रफुल्लित थियो। मलाई याद भएसम्म सम्भवतः तीन/चार सिजन काम गरें।

मलेरियाकाको औषधि छर्कने काम सिजनल भए तापनि म सन्तुष्ट थिएँ। मलेरिया निवारण कार्यक्रम कति वर्षको लागि हो ? कार्यक्रमको लक्ष्य सम्पन्न भइसकेपछि म के गर्छु ? आदि सोच्ने चेतना नै थिएन। युवा चेतनामा भविष्यभन्दा पनि वर्तमानसँग बढी सरोकार हुँदो रहेछ। यसैबीच अर्को संयोगले मेरो भाग्य फेरियो। रोजगारको बाटो परिवर्तन हुनुका साथै भविष्य सुरक्षित हुने कामको अवसर जुऱ्यो। वीरगंज चिनी कारखानामा विभिन्न पदमा आवेदन माग भएको थियो। साथीहरूको लहलहैमा मैले पनि सहचालक पदको लागि फर्म भरें। केही महीनापछि नतीजा प्रकाशित भयो। मेरो पनि नाम रहेको कुरा आफन्तजनबाट थाहा पाएँ। तर खुशीको तरङ्ग तबसम्म हृदयमा महसूस हुन सकेन, जबसम्म आफ्नै आँखाले प्रकाशित भएको पानामा आफ्नो नाम हेरिनँ। त्यसपछि मन कति गद्गद् भयो भन्ने कुरा वर्णन गरेर साध्य छैन। विसं २०२६ मा सहचालकको पदमा वीरगंज चिनी कारखानामा कार्यभार सम्भालें।

चिनी कारखानाको जागीर मौसमी भए तापनि आजीविकाको स्थायी स्रोत भएकोले ढुक्क थिएँ। रु १५० तलबमा सहचालक पदमा काम गर्न थालेको एक वर्षपछि तलब वृद्धि भई रु ३०० भयो। सोको दुई वर्षपछि चालक पदमा पदोन्नति भएपछि रु ५ हजार तलब पाउन थालें। प्रत्येक टचाक्टरका लागि दुईजना चालक र दुईजना सहचालक गरी जम्मा चारजना छुटचाइएको थियो। प्रत्येक २४ घण्टामा जिम्मेवारी परिवर्तन हुन्थ्यो। जस्तै एक चालक र एक सहचालकले बिहान छ बजेदेखि भोलिपल्टको बिहान छ बजेसम्म काम गर्नुपर्थ्यो। त्यसपछि अर्का चालक र सहचालकलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्थ्यो। यसरी लगातार २४ घण्टा काम गरेपछि २४ घण्टा आराम गर्न पाइन्थ्यो। प्रत्येक २४ घण्टामा आठ घण्टाको हिसाबले दुईटा हाजिरी र एउटा ओभरटाइम पाइन्थ्यो। मलाई याद भएसम्म त्यति बेला दुई रुपैयाँमा भरपेट खाना पाइन्थ्यो।

‘बडी मुहजोर बाड सन, हई लइका हो, ना मनब लोगन का तोहनी के ?’ अर्थात् बडो बदमाश छन्, यी बच्चाहरू हो, मान्दैनौ कि क्या हो, तिमीहरू ? टचाक्टरको डब्बामा उखुमाथि बसेको सहचालकको हातमा छडीको रूपमा उखु हुन्थ्यो। बच्चाहरूलाई धपाउनका लागि छडी लहराउँदै कराइरहनुपर्थ्यो। जति धपाए पनि बच्चाहरू टचाक्टरको पछिपछि दौडिन्थे। टचाक्टर अन्तर्ध्यान नभएसम्म बच्चाहरूको क्रन्दन गुञ्जित भइरहन्थ्यो। टचाक्टर वीरगंज चिनी कारखाना नपुगुन्जेलसम्म तनाव हुन्थ्यो। सहचालकको कडा निगरानीका बावजूद केही बच्चाहरू उखु हात पार्न सफल हुन्थे। उहिलेका पुस्ता जो अहिले वयस्क वा वृद्ध भइसकेका छन्, उनीहरूलाई उखुको लागि गरिएका कर्कुत अहिले पनि सम्झनामा होला।

रसियामा बनेको ‘बेलारस टचाक्टर’ आकारमा धेरै ठूलो र बलियो थियो। धेरैपछि भारतमा निर्मित हिन्दुस्तान टचाक्टर भित्रियो। यद्यपि तुलनात्मक हिसाबले बेलारस टचाक्टर उत्कृष्ट थियो। पर्साको पोखरिया, जगरनाथपुर, दशौंता, सेढवा र श्रीपुर पंचगावाँ तथा बाराको जीतपुर, बघवन, भवानीपुर र जैतापुरलगायतका स्थानमा उखु सङ्कलन केन्द्र अर्थात् काँटा थियो। मेरो जन्मथलो पर्साको सतवरिया (हाल पोखरिया) भए तापनि एक चालकको रूपमा चिनी कारखानामा आबद्ध भई काम गर्न थालेपछि पर्सा र बारा प्रत्येक गाउँ जन्मथलोझैं लाग्थ्यो। किनभने पर्सा र बाराका अपवादबाहेक प्रायः गाउँका मानिसहरूले मलाई चिन्थे। किनभने उखुको सिजनभरि पर्सा र बाराका विभिन्न उखु सङ्कलन केन्दहरूबाट दिनहुँ हजारौं मानिसहरू वीरगंज चिनी कारखानाको टचाक्टरमा चढेर वीरगंज आउँथे। फर्किने बेला वीरगंजको पावर हाउस चोक र गण्डक चोकलगायतका स्थानमा मानिसहरू राति अबेरसम्म टचाक्टरलाई पर्खिरहन्थे।

उखु लोड गरी टचाक्टर लिएर कारखानामा आइपुग्थें। चलान बुझाउँथें। त्यसपछि काँटा हुन्थ्यो र उखु अनलोड हुन्थ्यो। उखु लोड र अनलोड गर्ने कार्य मजदूरहरूले गर्दथे। एकातर्फ वीरगंज आसपासका किसानहरू बलयगाडा वा

(बाँकी चौथो पातामा)

# द्रोण पर्व-५९




महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

द्रोणाचार्यले बडो फुर्तीका साथ धृष्टद्युम्न चढेको रथको सारथिको शिर काटिखसाले । यस कारण रथमा जोतिएका घोडाहरू युद्धक्षेत्रबाट भागिहाले । द्रोणचार्य सृञ्जय र पाञ्चाल वीरहरूका साथ युद्ध गर्न थाले तथा उनीहरूलाई परास्त गरेर आफ्नो व्यूहमा आई उभिए ।

यता दुःशासन बाण वर्षा गर्दै सात्यकिको सामु आइपुगे । उनलाई आफूतिर आइरहेको हेरेर सात्यकि उनीतिर हानिए तथा आफ्नो बाणबाट उनलाई ढाकिदिए । आफू बाणबाट ढाकिएको हेरेर उनी सैनिकहरूको सामुमा नै भयभीत भएर युद्धस्थलबाट भागिहाले । दुःशासनलाई सयकडौं बाणबाट बिधिएको हेरेर राजा दुर्योधनले त्रिगर्त्त वीरहरूलाई सात्यकिको रथतिर पठाए । ती तीन सहस्त्र रथी योद्धाहरूले युद्धको पक्का निश्चय गरेर सात्यकिलाई चारैतिरबाट घेरामा हाले तर सात्यकिले आफ्नो बाणबाट पाँच सय अग्रगामी योद्धाहरूलाई एकैछिनमा धराशयी पारिदिए । अनि बाँकी रहेका वीरहरू आफ्नो प्राणको भयबाट द्रोणाचार्यको रथतिर फर्किहाले ।



यस प्रकार त्रिगर्त्त वीरहरूको संहार गरेर सात्यकि बिस्तारै अर्जुनको रथतिर बढ्न थाले । यतिबेला तपाईंको पुत्र दुःशासनले उनीमाथि फेरि नौवटा बाण प्रहार गरे । सात्यकिले उनीमाथि पाँचवटा बाण हानेर उनको धनुषलाई काटिदिए । यस प्रकार सबैलाई बिस्मित पार्दै उनी फेरि अर्जुनको रथतिर बढ्न थाले । यसबाट निकै क्रोधित भई दुःशासनले सात्यकिको वध गर्ने मनसायले उनीमाथि फलामको अत्यन्त भीषण शक्ति हाने तर सात्यकिले आफ्नो बाणबाट त्यसको सयकडौं टुक्रा पारिदिए । अनि दुःशासनले अर्को धनुष लिई उनलाई बाणबाट घाइते पारिदिएर सिंहको समान गर्जना गरे । यसबाट सात्यकि अत्यन्त क्रोधित भई दुःशासनको छाती ताकी तीनवटा बाण हानेर घाइते पारिदिए तथा एउटा भल्ल हानेर उनको धनुषलाई र दुईटा भल्ल हानेर उनको रथको ध्वजा र शक्तिलाई काटिदिए । फेरि कैंयन बाण हानेर उनको पार्श्वरक्षकलाई पनि मारिदिए । अनि त्रिगर्त्त सेनापतिले उनलाई आफ्नो रथमाथि बसालेर लगे । सात्यकिले केहीबेरसम्म उनलाई पछ्याए तर फेरि उनलाई भीमसेनको प्रतिज्ञाको सम्झना भयो । त्यसैले उनले दुःशासनको वध गरेनन् । राजन्, भीमसेनले तपाईंको सभामैं तपाईंका सबै पुत्रलाई मार्ने प्रतिज्ञा गरेका थिए । त्यसैले सात्यकिले दुःशासनलाई मारेनन् । सात्यकिले दुःशासनलाई संग्रामभूमिमा परास्त गरेर बडो वेगले अर्जुनतर्फ बढ्न थाले ।


सञ्जयले भने- राजन्, यता मध्याह्नपछि आचार्य द्रोणाको सोमकहरूको साथ फेरि घोर संग्राम हुन थाल्यो । त्यति बेला योद्धाहरूको गर्जना मेघ गर्जेझैं भइरहेको थियो । पुरुषसिंह द्रोणले आफ्नो रातो रङ्गको घोडा जोतिएको रथमाथि चढेर मध्यम गतिले पाण्डवहरूमाथि धावा गरेर आफ्ना तीखा बाणवर्षा गर्दै थिए । यत्तिकैमा पाँच कैकय राजकुमारमध्ये रण-दुर्मद महारथी बृहत्क्षत्र उनको सामु आएर बाणवर्षा गर्दै उनलाई पीडित पार्न थाले । द्रोणले कुपित भएर उनीमाथि पन्ध्रवटा बाण हाने तर बृहत्क्षत्रले ती बाणहरूलाई आफ्नो पाँचवटा बाणबाट नै काटिदिए । उनको यस्तो फुर्ती हेरेर द्रोणले फेरि उनीमाथि आठवटा बाण हाने । बृहत्क्षत्रले ती बाणहरूलाई पनि आफ्नो बाणबाट नष्ट पारिदिए । बृहत्क्षत्रको यस्तो दुष्कर कर्म हेरेर तपाईंको सेनालाई बडो आश्चर्य भयो । अनि द्रोणले अत्यन्त दुर्जय ब्रह्मास्त्र प्रकट गरे । त्यसलाई केकय राजकुमारले ब्रह्मास्त्र हानेर नै नष्ट पारिदिए तथा आचार्यमाथि साठीवटा बाणबाट प्रहार गरे । आचार्य द्रोणले उनीमाथि नाराच नामक एउटा शस्त्र हाने । त्यस नाराचले उनको कवचलाई च्याती पृथ्वीमा छिर्‍यो । यसबाट क्रोधित भएर बृहत्क्षत्रले सत्तरीवटा बाणबाट द्रोणलाई तथा एउटा बाणबाट उनको सारथिलाई घाइते पारिदिए । अनि आफ्नो बाणवर्षाबाट द्रोणले बृहत्क्षत्रलाई आच्छु-आच्छु पारिदिए । उनले बृहत्क्षत्रको चारवटै घोडाहरूलाई पनि मारिदिए, फेरि एउटा बाणबाट सारथिलाई तथा दुईटा बाणबाट रथको ध्वजा र क्षत्रलाई काटेर रथबाट तल खसालिदिए । यसपछि एउटा बाण बृहत्क्षत्रको छातीमाथि हाने । यसबाट उनको छाती च्यातियो र उनी पृथ्वीमा खसेर लडीबुडी खेल्न थाले ।

यस प्रकार कैकय महारथी बृहत्क्षत्र मारिएपछि शिशुपालको पुत्र महाबली धृष्टकेतु द्रोणाचार्यमाथि जाइलागे । उनले आचार्य तथा उनको रथ, ध्वजा र घोडामाथि साठीवटा बाण हाने । अनि द्रोणले क्षुरप्र नामक एउटा बाण हानेर उनको धनुषलाई काटिदिए । महारथी धृष्टकेतुले अर्को धनुष लिएर भयङ्कर बाणवर्षा गर्न थाले । द्रोणले चारवटा बाण हानेर उनका चारवटै घोडालाई मारिदिए, सारथिलाई मारिदिए । यसपछि पच्चीसवटा बाण धृष्टकेतुमाथि हाने । अनि धृष्टकेतु रथबाट हाम्फालेर आचार्यमाथि एउटा भयङ्कर गदा हाने । गदालाई आफूतिर आइरहेको हेरेर द्रोणाचार्यले हजारौं बाण हाने र त्यसलाई टुक्राटुक्रा पारिदिए । यसबाट क्षुब्ध भएर धृष्टकेतुले द्रोणाचार्यमाथि तोमर नामक एउटा अस्त्र तथा शक्ति प्रहार गरे । आचार्यले पाँचवटा बाण हानेर ती दुईटै अस्त्रलाई नष्ट पारिदिए । फेरि उनले धृष्टकेतुको वध गर्नको लागि एउटा तीखो बाण हाने । त्यो बाण उनको कवचलाई च्याती छातीभित्र छिर्‍यो तथा उनी निष्प्राण भएर पृथ्वीमाथि लडे ।

क्रमशः...

# भगवान् शिवका ११ पाठ जुन आफ्नो जीवनमा लागू गर्न सक्छौं

भगवान् शिव हिन्दू धर्मका सबैभन्दा पूज्य देवता हुन् । देवताका पनि देवता भगवान् महादेवको पूजा आराधना मूर्ति र शिवलिङ्ग दुवैको रूपमा गरिन्छ । भगवान् शिव शिवशम्भु, महादेव, भोलेनाथ, त्रिलोकीनाथ जस्ता धेरै नामले चिनिन्छन् ।



एकदमै शान्त देखिने भगवान् शिवले पनि संहारकको रूप धारण गर्न सक्छन् । उनको व्यक्तित्वमा धेरै रङ्ग छन्, र त्यहाँ एक भगवान् छन्, जसले हामीलाई जीवनको बुद्धि सिकाउन सक्छन् ।

भगवान् शिवबाट हामीले धेरै कुरा सिक्न सक्छौं र त्यसलाई आफ्नो जीवनमा लागू गर्न सक्छौं, त्यसैले उनीबाट सिक्न सक्ने ११ पाठ हेरौं ।

**१. जे भएपनि हामीले खराबलाई कहिल्यै सहनुहुँदैन**

भगवान् शिव दुष्टहरूको नाश गर्ने भनेर चिनिन्छन् । उनी अन्याय सहन सक्दैनन् र दुष्ट राक्षसहरूलाई उचित तरीकाले नष्ट गर्छन् । त्यसैगरी, हामीले पनि आफ्नो वरिपरि हुने दुष्कर्मप्रति शून्य सहनशीलता अपनाउने र अन्यायको विरुद्धमा अडान लिने प्रयास गर्नुपर्छ ।

**२. आत्मनियन्त्रण जीवनलाई पूर्णरूपमा जिउने कला हो**

अनियन्त्रित दिमागले हामीलाई विनाशकारी जीवन बिताउन प्रेरित गर्न सक्छ । जब हामी ध्यान गुमाउँछौं, तब इच्छा र लतको शिकार हुन्छौं, त्यस बेला हामी युद्ध जित्न सक्दैनौं । त्यस कारण महत्त्वपूर्ण यो छ कि हामीले आफ्नो मनलाई आफ्नो लक्ष्य र हृदयसँग जोड्नुपर्छ ।

**३. शान्त रहौं र अगाडि बढौं**

शिवलाई महायोगी वा आदियोगी पनि भनिन्छ किनभने उनले ब्रह्माण्डको उन्नतिको लागि घण्टौंसम्म ध्यान गरे । उनको मनको शान्त अवस्था चरम कारणले मात्र विचलित हुन्छ, अन्यथा उनी सधैं ध्यानको अवस्थामा रहन्छन् । यसरी तनावपूर्ण अवस्थामा शान्त रहँदा मात्र आधा युद्ध जित्न सकिन्छ भन्ने तथ्यलाई जानी राखौं । यो साँच्चै समस्या समाधान गर्नको लागि सबैभन्दा राम्रो रणनीति हो ।

**४. भौतिक सुख कहिल्यै लामो समयसम्म रहँदैन**

एक क्षणको लागि भगवान् शिवको पोशाक हेरौं । केवल त्रिशूल र डमरु भिर्ने भगवान् शिव धन र भौतिक चीजहरूबाट सधैं टाढा छन् । यदि हामी पैसा र भौतिक चीजहरूमा संलग्न हुँदैनौं भने जीवनमा केही पनि गुमाउँदैनौं । किनभने भौतिक सुख क्षणिक हुन्छ। हामीले घटना र अनुभवहरूमा आफ्नो खुशी खोज्नुपर्छ, चीजहरूमा होइन ।

**५. नकारात्मकतालाई राम्रोसँग दबाउन सिक्नुपर्छ**

महासागरबाट निस्केको 'हलहल' नामक विष निलेकाले भगवान् शिवलाई 'नीलकण्ठ' पनि भनिन्छ । यो विषलाई उनले मात्र खाएर आफ्नो घाँटीमा दबाउन सक्थे । त्यसैले यसमा महत्त्वपूर्ण पाठ भनेको हामीले आफ्नो प्रगतिमा नकारात्मकतालाई लिएर त्यसलाई सकारात्मकतामा बदल्नुपर्छ ।

**६. इच्छाले जोशमा पुर्‍याउँछ र जोशले विनाशमा डोर्‍याउँछ**

कामनाबाट मुक्त शिव कहिल्यै कुनै कुरामा लिप्त छैनन् । यो तथ्य हो कि चाहनाहरूले सधैं जोशमा डोर्‍याउँछ, र यसले हामीलाई आत्मविनाशकारी बनाउँछ ।

**७. आफ्नो जीवनसाथीलाई आदर गरौं**

शिव 'अर्धनारीश्वर' हुन्, जहाँ आधा पार्वती छिन् । उनले पार्वतीलाई अत्यन्त आदर र हेरचाहका साथ व्यवहार गर्छन् । उनी पार्वतीका शक्ति हुन् र उनले पार्वतीलाई सधैं महत्त्व दिन्छन् ।

**८. अहङ्कारलाई नियन्त्रण गरौं र घमण्डलाई त्यागौं**

अहङ्कारले महानता प्राप्त गर्नबाट रोक्छ । अहङ्कार जहिले पनि हाम्रो लक्ष्य र सपनाहरूका बीचमा आउँछ, र हामीलाई कम माया गर्ने व्यक्ति बनाउँछ । भनिन्छ, शिवले आफ्नो अहङ्कारलाई नियन्त्रण गर्न त्रिशूल धारण गरेका हुन् । उनले अहङ्कारलाई आफूमाथि कहिल्यै हाबी हुन दिएनन्, न त उनले अरूको अहङ्कार सहन गरे ।

**९. आफू संलग्न हुने कुरामा गहिरो अनुसन्धान गरौं**

शिवको कपालमा रहेकी गङ्गा अज्ञानताको अन्त्यको प्रतीक हुन् । यसको मतलब हामीले के गरिरहेका छौं, सोको जानकारी हुनुपर्छ । तथ्यहरूको बारेमा गहिरो अनुसन्धान गर्नुपर्छ ।

**१०. सबै कुरा अस्थायी छ भनेर बुझौं**

महायोगीहरू मोहको जालमा पर्दैनन् । उनीहरूलाई थाहा छ कि जीवन क्षणिक छ र आज के भइरहेको छ, त्यो सधैंभरि रहँदैन । समय परिवर्तन हुन्छ र हामी पनि ।

**११. नृत्य**

भगवान् शिव नटराज वा नृत्यका राजा भनेर चिनिन्छन् । उनको 'ताण्डव'ले संसारलाई ध्वस्त पारे पनि त्यो एक कला हो, जुन हामीसम्म आइपुग्यो ।

**निष्कर्ष**

हामीले भगवान् शिवभित्र यतिधेरै राम्रा कुराहरू हेर्‍यौं, त के हामीले आफ्नो जीवनमा केही राम्रा कुराहरूलाई उतार्न सक्दैनौं ?

भगवान् शिवले जीवनमा आउने सबै दुःखका बारेमा जीवन जिउने पाठ बताएका छन्, जसलाई हामीले आफ्नो जीवनमा लागू गर्नाले यो संसारमा हामी अगाडि बढ्न सक्छौं ।

## गजल

**- वैद्यनाथ श्रमजीवी**

शान्तिको त्यो बाटो नसोध
विद्रोहको त्यो खाटो नसोध ॥

भए दलाल कामरेड कसरी
अवसरवादको पाटो नसोध ॥

लालहरूलाई पद पैसा पायो
शान्ति क्रान्तिको साटो नसोध ॥

बडेमानको महारथी वामहरू
बुद्धिमान् हुन् कि लाटो नसोध ॥

जुटेपछि दरबारको दलालीमा
वर्गीय एकता कि फाटो नसोध ॥

सपना त्याग बलिदान बेची खाने
शहीदका रगतको टाटो नसोध ॥

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

रीता : हैन, अस्ति मङ्गलवार मात्र गएर आएको होइनौ ? किन सबै काम एकैचोटि नगरेको ?

प्रीतम : घरमा बसेर भात पकाको जस्तो सजिलो हुन्छ ? अँ मेरो रातो ज्याकेट सुक्यो होला ले । त्यही लगाएर जान्छु ।

रीता : छिः एउटै ज्याकेट कति लगाएर हिंडेको ? अस्ति किनेको नयाँ लगाए भैहाल्यो नि ।

प्रीतम : तँ चुप लाग् । अब कपडा लगाउन पनि तँसित अनुमति लिनुपर्ने मैले ? खै ले ।

रीताले रातो ज्याकेट दिन्छ । प्रीतमले ज्याकेट र चश्मा लगाएर फेरि एकचोटि ऐना हेर्छ र घरबाट निस्कन्छ । प्रीतम घरबाट प्रस्थान गर्छ साथै रीताले भाइ आकाशलाई फोन गर्छे ।

रीता : (मोबाइलमा) आकाश, सुन्न तेरो भिनाजु आज पनि वीरगंज जाने भनेर घरबाट निस्कियो । तँ के गर्दैछस् ? मोटरसाइकल लिएर तुरुन्त आइज् त । आज जसरी भएपनि यो प्रीतमको भण्डाफोर गर्नैपर्छ । ल, आइज् है, म तयार हुँदैछु ।

रीता हतारहतार कपडा लगाएर तयार भई छिमेकीको घरमा बबिता दिदीकहाँ जान्छे ।

बबिता : अँ भन रीता ?

रीता : म जरुरी कामले बाहिर जान लागेकी । स्मृतिलाई यो चाबी दिनुहोस् है । अँ आउन ढिलो भएँ भने दिदीभाइलाई यतै बोलाएर खाजा खान दिनुहोला । म साँझसम्म आइपुग्छु ।

बबिता : अनि प्रीतम घरमा छैन ?

रीता : ए ! ऊ त खै काम छ भनेर भर्खरै घरबाट निस्किसक्यो । ल भाइ पनि आयो म गएँ ।

आकाश : भिनाजु कति बेला निस्कियो दिदी ?

रीता : भर्खर दश मिनेट जति भयो होला ।

आकाश : त्यसो भए बाटोमा भेटिन्छ, जाऊ छिट्टो ।

दिदीभाइ प्रस्थान गर्छन् ।

०००

समय : मध्याह्न । स्थान : इमानसिंह हवल्दारको डेरा ।

उषा बिहानैदेखि प्रसन्न मुद्रामा छिन् । रेडियोमा रोमान्टिक गीत बजिरहेको छ । हवल्दार घर फर्केका छन् ।

उषा : ल बाबा त ड्युटीबाट फर्किसक्नुभएछ ।

इमान सिंह : उषा आजदेखि तँ तेइस वर्षमा प्रवेश गरिस् । मेरी छोरीलाई जन्मदिनको शुभकामना र आर्शीवाद छ । ला, यो बाबाको तर्फबाट गिफ्ट ।

उषा : थैंक्यू बाबा । (हतारिएको भावभङ्गीमा स्वयंसित) प्रीतम पनि हेटौंडाबाट हिंडिसक्यो होला । म पनि अब तयार हुनुपर्‍यो ।

इमान सिंह : उषा, तैले मेरो सरुवाको पत्र देखिस् ?

उषा : अहँ, बाबाले नै राख्नुभएको होइन र ? बाबा, मलाई साथीहरूले बोलाएको छ । एक क्षण बजार पुगेर आउँछु है ।

इमान सिंह टिभी खोलेर हेर्न थाल्छ । यति नै बेला सुशीला आइपुग्छे ।

सुशीला : ल, बूढो आज चाँडै सवारी भएछन् नि त ? खोइ, उषा ?

इमान सिंह : साथीहरूले बोलाएका छन् रे, बजारतिर जान तयार हुँदैछे ।

सुशीला : अनि छोरीलाई बर्थ-डे गिफ्ट के दिनुभो ?

इमान सिंह : छोरीले ज्यादै रहर गरी भनेर यसपालि जन्मदिनमा मैले मेरी छोरीलाई रेवनको कालो चश्मा गिफ्टमा दिएको छु । अनि तैले चाहिं के दिने विचार गरेकी छेस् नि ?

सुशीला : मैले छोरीलाई यो ल्याइदिएकी छु । (चार आनाको सुनको टप देखाउँदै) कस्तो छ ?

इमान सिंह : गज्जबको छ । तर यत्रो पैसा तिमीले कहाँबाट ल्यायौ ?

सुशीला : घरखर्चबाट थोरै-थोरै बचाएर जम्मा गरेकी थिएँ ।

उषा नयाँ जिन्स र टिसर्टमा कालो रेवन चश्मा लगाएर कोठाबाट बाहिर आउँछे ।

वाह ! मेरी छोरी त आज कुनै चलचित्रको नायिकाभन्दा कम देखिएकी छैन । मेरी प्यारी छोरीलाई जन्मदिनको धेरैधेरै शुभकामना र आशिष् ! समात, यो मेरोतर्फबाट सानो गिफ्ट ।

उषा : (सुनको टप पाएर गद्‌गद् हुँदै) थैंक्यू मामु फर लब्ली गिफ्ट ।

क्रमशः

## मकवानपुरमा......

उपसंहार । यस अन्तर्गत सन्दर्भ सूची र परिशिष्ट दिइएका छन् । सन्दर्भ सूचीमा त सन्दर्भ वा स्रोतहरू जनाइन्छन् र जनाइएको छ पनि । यसको परिशिष्ट पनि पत्रकारिता र इतिहाससम्बन्धी सामग्रीले भरिएको छ । यो उपखण्डको पनि विशिष्ट महत्त्व रहेको छ ।

प्रकाशक राइनिसी मिडिया एन्ड रिसर्च सेन्टर, काठमाडौंका अध्यक्ष नवराज न्यौपानेद्वारा प्रस्तुत प्रकाशकीय लेखले कृतिकार अधिकारीको प्रशंसा गाउँदै कृतिको महत्त्वबारे सार्थक शब्द खर्च गरेका छन् । यस लेखले कृतिप्रति स्वाभाविक चासो बढाउने कार्य गर्दछ । अनुसन्धानकर्मी अधिकारीले मकवानपुरमा मिडिया भनेर प्रस्तुत गरेको लेखकीय मन्तव्यमा लेखनका नालीबेली प्रस्तुत गरेका छन् । यस मन्तव्यमा लेखकले लेखनको उद्देश्य, कारण र अपेक्षा सबै इमानदारीपूर्वक राखेका छन् । लेखनको तयारी अर्थात् रचनागर्भका केही पीडालाई पनि पस्केका छन् र सहयोग गर्नेहरूप्रति आभार पनि प्रकट गरेका छन् । यस कृतिमा विनोद ढुङ्गेलले लेखेको आमुख पत्रकारिताको इतिहासलेखनमा एक अनुकरणीय पहलमा विश्व पत्रकारिताको साथै नेपाली पत्रकारिताको संक्षिप्त इतिहास नै खोतलिएको छ । पत्रकारिताको सामान्य ज्ञान जान्न चाहनेको लागि यो आलेख निकै उपयोगी हुनेछ । नेपालको कुनै पनि जिल्लाको पत्रकारिताको इतिहासलेखनको लागि यो कार्य अनुकरणीय हुने कुरा पनि यसमा बताइएको छ । एउटा संयोग नै भन्नुपर्दछ । मैले कुनै दिन कृतिकारसित भनेको थिएँ- यसले अन्य जिल्लाको इतिहासलेखनलाई सहयोग पुर्‍याउँदै तपाईंलाई वाग्मती प्रदेशको पत्रकारिताको इतिहासलेखनको लागि पनि यस कृतिले मार्गप्रशस्त गर्नेछ । ढुङ्गेलको आलेखमा पनि यस किसिमको भावको सार्वजनिकीकरण छ । यस आलेखले कृतिको महत्त्वलाई अझ बढाएको छ ।

चार सय मूल्यमा दुई सय पृष्ठको यो पुस्तक विषयवस्तु र छपाइ दुवैमा उत्कृष्ट छ । यस कृतिले पत्रकारितामा लागेकालाई सम्मान गरेको छ । पत्रकारितामा योगदान दिएकाको गौरवमा वृद्धि गरेको छ । पत्रकारिताको बारेमा जान्न चाहनेलाई खुराक दिएको छ । पत्रकारिता पढ्नेलाई कोर्सको विषयवस्तु प्रस्तुत गरेको छ । इतिहास लेख्नेलाई सन्दर्भ सामग्री दिएको छ । र कृतिको समग्रताले कृतिकारको अनेक क्षमता र सम्भावनाको परिचय दिएको छ । यस कृतिका लागि कृतिकार अधिकारी र प्रकाशन संस्था दुवै साधुवादका पात्र छन् ।

यस कृतिको अबको संस्करणमा वर्तमानमा मकवानपुरका मिडियाहरू, मिडिया हाउसको अवस्था, मकवानपुरे पत्रकारिताको मूलभूत प्रवृत्ति, रोजगारको क्षेत्रमा मकवानपुरे पत्रकारिताले दिएको योगदानका साथै विधागत पत्रकारिताको अवस्था, नेपालको पत्रकारितामा मकवानपुरे पत्रकारिताको स्थान आदि जस्ता विषयहरूलाई पनि सङ्क्षेपमा समेट्न सके सुनमा सुगन्ध हुने थियो भन्ने सुझाव दिन सकिन्छ । समय, साधनस्रोत र अर्थाभावसहित पर्याप्त सहयोगविना यतिको गहन र सजीव कृति प्रकाशमा ल्याउने कार्यलाई आफैंमा ऐतिहासिक र साहसिक कार्य मान्नु उचित हुन्छ । मकवानपुरे पत्रकारितामार्फत यस कृतिले समग्र पत्रकारिताप्रति गरेको न्याय छ । भविष्येतिहासको लागि यो मार्गदर्शक दस्तावेज बन्न पुगेको छ ।

## इतिहासको पानामा.......

ट्याक्टरमा उखु लोड गरी सीधैं कारखानामा आउँथे । अर्कोतर्फ विभिन्न सङ्कलन केन्द्रबाट उखु आउने हुनाले अनलोड कार्यमा बढी चाप थियो । त्यस कारण अनलोड कार्यमा ढिलो हुनु स्वाभाविक थियो । केही वर्षपछि किरान आयो । जसले अनलोडको काम छिटोछरितो हुन थाल्यो । २५ देखि ३० वटा ट्याक्टर थिए । धेरैपछि दूरदराजबाट उखुको ढुवानी ट्रकबाट हुन थाल्यो । चालक र सहचालक गरी झन्डै दुई सयजना थियौं । वीरगंज चिनी कारखानामा झन्डै २२ सयजनाले प्रत्यक्ष रोजगार पाएका थिए । पर्सादेखि सर्लाहीसम्मका किसानलगायत लाखौं मानिसहरू आश्रित थिए । वीरगंज चिनी कारखाना बन्द भएपछि रोजगार र उखुखेतीको अस्तित्व मात्र समाप्त भएन, अपितु अर्बौंको सम्पत्ति अहिले खण्डहरमा परिणत भइसकेको छ । चिनी कारखानाको पुनर्जीवनप्रति कुनै पनि पक्ष संवेदनशील देखिएन । योभन्दा अचम्मलाग्दो विडम्बना अरू के हुन सक्छ ?

# अन्तर्राष्ट्रिय समाचार

## क्यापिटल दङ्गाको लागि ट्रम्प दोषी –राष्ट्रपति बाइडेन

अमेरिका, २३ पुस/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेनले ६ जनवरी २०२१ को अमेरिकी क्यापिटल दङ्गाको पहिलो वार्षिक सम्बोधन गर्ने क्रममा उक्त घटनाका लागि पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोष दिएका छन्। बिहीवार बिहान (स्थानीय समय) कङ्ग्रेसमा बोल्दै राष्ट्रपति बाइडेनले अमेरिकी लोकतन्त्रको सिटमा भएको आक्रमणको लागि आफ्ना पूर्ववर्तीलाई जिम्मेवार भएको आरोप लगाएका छन्।



अमेरिकी राष्ट्रपति जो बाइडेन। तस्वीरः एएफपी

बाइडेनले भने, "हाम्रो इतिहासमा पहिलोपटक एक राष्ट्रपतिले चुनाव मात्र हारेका थिएनन्। उनले हिंसात्मक भीड क्यापिटलमा पुग्दा शान्तिपूर्णरूपमा सत्ता हस्तान्तरण रोक्ने प्रयाससमेत गरे तर तिनीहरू असफल भए।

यो सम्झनाको दिनमा हामीले यो सुनिश्चित गर्नुपर्दछ कि यस्तो आक्रमण कहिल्यै नदोहोरियोस्।"

ट्रम्पको नाम नलिईकन बाइडेनले आक्रामकरूपमा ट्रम्पलाई त्यो दिन के भयो भनेर दोष लगाए। बाइडेनले पूर्वराष्ट्रपतिलाई २०२० को चुनावको वरिपरि 'झूटको जाल' बुनेको र अमेरिकी लोकतन्त्रमाथि आक्रमण अरू कुनै नेताले नगरेको बताए। "के साँचो र के झूटो भन्नेबारे हामी पूर्णरूपमा स्पष्ट हुनुपर्दछ," बाइडेनले भने, "जसले सिद्धान्तभन्दा शक्तिलाई महत्त्व दिन्छ, आफ्नो देशको हितभन्दा आफ्नो स्वार्थ बढी महत्त्वपूर्ण छ भन्ने देख्छ। चोट लागेको अहङ्कार उसका लागि हाम्रो लोकतन्त्र वा हाम्रो संविधानभन्दा बढी महत्त्वपूर्ण छ। त्यस्ता व्यक्तिबाट यस्ता हर्कत हुन्छन्।"

ट्रम्पविरुद्ध बाइडेनले कडा टिप्पणी गर्दै भने, "उहाँले हारेको स्वीकार गर्न सक्नुहुन्न, यद्यपि ९३ सिनेटर, उहाँका आफ्नै महान्यायाधिवक्ता, उहाँका आफ्नै उपराष्ट्रपति, गभर्नरहरू र राज्यका अधिकारीहरू सबैले भने, उहाँ हार्नुभयो। तर पनि उहाँ स्वीकार गर्नुहुन्न।" रासस

## भारतमा ओमिक्रोनका सङ्क्रमित तीन हजार नाघ्यो

नयाँ दिल्ली, २३ पुस/एएनआई

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख १७ हजार १०० जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना शुरू भएदेखि हालसम्म तीन करोड ५२ लाख २६ हजार सङ्क्रमित भएका छन्।



मुम्बईस्थित खोप केन्द्रमा १५ वर्षमाथिका बालबालिका। तस्वीरः एजेन्सी

हाल यहाँ तीन हजार सातजना ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। ओमिक्रोनका ती सङ्क्रमितहरूमा एक हजार १९९ जना भने कोरोनामुक्त भएका जनाइएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या तीन लाख ७१ हजार ३६३ रहेका छन्।

गएको २४ घण्टामा भारतमा ३० हजार ८२६ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४३ लाख ७१ हजार ८४५ जनाको कोरोना सङ्क्रमण निको भएकोले कोरोना भाइरस निको हुने दर ९७.५७ प्रतिशत रहेको जनाइएको छ।

सोही अवधिमा थप ३०२ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८३ हजार १७८ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ। कोरोना शुरू भएदेखि हालसम्म ६८ करोड ६८ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४९ करोड ६६ लाख ८१ हजारभन्दा बढी मात्रा खोप लगाइएको जनाइएको छ। रासस

## पाकिस्तानमा दुर्घटना, छजनाको मृत्यु, १७ जना घाइते

इस्लामाबाद, २३ पुस/सिन्ह्वा

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बिहीवार राति भएको सडक दुर्घटनामा छजनाको मृत्यु हुनाका साथै महिला र बालबालिकासहित १७ जना घाइते भएका छन्।



दुर्घटनामा क्षतिग्रस्त वाहन। तस्वीरः डेली–सन

उक्त घटना सो प्रान्तको खुजदार जिल्लाको राजमार्गमा विपरीत दिशाबाट आउँदै गरेको टेलरलाई भ्यानले ठक्कर दिंदा भएको प्रहरीले सञ्चारमाध्यमलाई बताएको छ।

उक्त भ्यानमा २५ जनाभन्दा बढी मानिस सवार थिए। प्रहरीका अनुसार उनीहरू नातेदारको विवाहमा सहभागी हुन जाँदै थिए। घाइते र शवहरूलाई नजीकैको अस्पतालमा लगिएको छ। घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर रहेको बताइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – प्रगति |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडाश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं,
उनीहरूको उज्ज्वल भविष्य बनाऔं।

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## अमेरिकामा बसेका क्षत्रीको सहयोगमा मुसहरलाई न्यानो कपडा

प्रस, वीरगंज, २३ पुस/

पिस फर दलित फाउन्डेशन नेपाल प्रदेश २ को सहजीकरणमा सखुवाप्रसौनी गाउँपालिका–३ कौवावनकटैयाका ६० मुसहर घरपरिवारलाई न्यानो कपडा, कम्बल वितरण गरिएको छ।

अमेरिकामा रहेका अमर क्षत्रीले उपलब्ध गराएको १ लाख ६७ हजार रकमबाट साठी घरपरिवारका सदस्यलाई कम्बल र ८० जना बालबालिकालाई टोपी, ज्याकेट, ट्राउजर उपलब्ध गराएको फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए। विगत केही समयदेखि बढेको चीसोका कारण दलित समुदायको जीवन कष्टकर भएको कुरालाई दृष्टिगत गरी क्षत्रीले उनीहरूलाई न्यानो कपडा उपलब्ध गराउन रकम पठाएको र सोही रकमबाट कम्बल, ज्याकेट, टोपी, ट्राउजर वितरण गरिएको अध्यक्ष रामले प्रतीकलाई बताए।

उनले शीतलहरसँगै चीसो बढेपछि पर्सा जिल्लाका दलित समुदायको दैनिकी कष्टकर भएको, बालबालिका, ज्येष्ठ नागरिकहरूको अवस्था झनै कहालीलाग्दो रहेको बताए। उनले यो समुदायलाई सहयोग गर्न अपील पनि गरेका छन्। अमेरिका निवासी क्षत्रीले यसअघि दलित समुदायको लागि घर बनाउने र बिरामी बच्चाको लागि आर्थिक सहयोग गरेका थिए।




तस्वीरः सौजन्य

न्यानो कपडा वितरण कार्यक्रम दलित दबाब समूहका अध्यक्ष जियालाल महरा चमारको अध्यक्षता तथा गौतम देवीको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा फाउन्डेशनका सदस्य परमानन्द राम, अशोक रामलगायतको सहभागिता थियो।

## प्रहरी र गाँजा तस्करबीच मोलमोलाइ काण्डका थप एकजना पक्राउ

जीतलाल श्रेष्ठ, निजगढ, २३ पुस/

छ महीनाअघि रतनपुरी अस्थायी प्रहरी चौकीका इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवले गाँजा तस्करसँग सात लाख रुपैयाँ मोल गरेर छाडेका चारजना अभियुक्तमध्ये थप एकजना पक्राउ परेका छन्। अटोधनी निजगढ नगरपालिका–१२ रामथलीका ५२ वर्षीय पाल्साङ तितुङलाई काठमाडौंबाट प्रहरीले प्रक्राउ गरेको हो।



प्रहरीले बरामद गरेको गाँजा र अटो। तस्वीरः प्रतीक

नेपाल प्रहरीको अपराध महाशाखा, काठमाडौंले काठमाडौंको बौद्ध जोरपाटी आसपास आफन्तको डेरामा लुकीछिपी बस्दै आएका अटोधनी तितुङलाई शुक्रवार बिहान पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बारालाई बुझाएको छ। बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थपेर अनुसन्धान शुरू गरिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए।

गत जेठ ३१ गते राति बाराको निजगढ नगरपालिका रतनपुर जङ्गलमा गाँजा तस्कर निजगढ नगरपालिका–१२ रामथलीका ३० वर्षीय सोमबहादुर थिङ र प्रहरी इन्चार्ज यादवबीच रकमको बार्गेनिङ भएको कुरा बाहिर आएको थियो।

यसअघि नै पक्राउ परेका थिङले रतनपुर अस्थायी प्रहरी चौकीका तत्कालीन इन्चार्ज शम्भुप्रसाद यादवले आफूसँग घटनास्थलमा सात लाख रकम माग गरेको र आफूले उक्त रकम दिन नसक्ने भनेपछि अढाई लाख रुपैयाँ दिने सहमतिमा छाडेको बताएका थिए।

उक्त घटनामा प्रहरीले मानिससहित गाँजा लोड अटो, मोटरसाइकल नियन्त्रणमा लिई हतकडी लगाइसकेपछि रकम बार्गेनिङमा आफूलाई छाडिदिएको प्रारम्भिक बयानमा तितुङले बताएको प्रहरीले जनाएको छ।

अटोधनी तितुङसहित उनका छोराले उक्त राति करीब ८ बजे रतनपुरबाट निजगढतर्फ प्रदेश २–०३–००१ ह ३२१ नम्बरको अटोमा ६० किलो गाँजा राखी ल्याउँदै गर्दा रतनपुरी अस्थायी प्रहरी चौकीका तत्कालीन इन्चार्ज प्रसनि यादवसहितको प्रहरी टोलीले पक्राउ गरेर पनि रकम बार्गेनिङमा अभियुक्तहरूलाई मुक्त गरी गाँजासहितको टेम्पो बेवारिसे बनाएका थिए।

घटनाका मुख्य नाइकेमध्येका थिङलाई यही पुस ४ गते मकवानपुरको नामटारबाट पक्राउ गरिएको थियो। सोही घटनाका गाँजा कारोबारी दिनेश लामालाई समेत प्रहरीले खोजी सूचीमा राखेको छ। पक्राउ परेका तितुङका छोरा पनि सो घटनापछि फरार छन्। तितुङलाई इलाका प्रहरी कार्यालयमा राखिएको छ।

सो घटनामा प्रहरी नै मुछिएसँगै जिल्ला प्रहरी कार्यालय, बाराले तीन सदस्यीय छानबीन टोली गठन गरेको थियो।

## आगजनीको आरोपमा युवक र युवती पक्राउ

प्रस, सिराहा, २३ पुस/

होटलमा आगो लगाएको आरोपमा जिल्ला प्रहरी कार्यालय, सिराहाले दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा एकजना युवती र एकजना युवक छन्।

प्रहरीले धनगढीमाई नगरपालिका–१२ बस्ने २० वर्षीया लक्ष्मी बराल र विष्णुपुर गाउँपालिका–२ बस्ने १९ वर्षीय धीरजकुमार यादवलाई पक्राउ गरेको हो। धनगढीमाई–११ स्थित छाप्रोमा सञ्चालित खुश्बु होटल एन्ड लजमा बिहीवार आगो लगाएको आरोपमा उनीहरूलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय, धनगढीले जनाएको छ।

प्रहरीका अनुसार लेनदेनको विषयलाई लिएर उनीहरूले होटलमा पेट्रोल छर्केर आगजनी गरेका थिए। स्थानीय र प्रहरी मिलेर होटलमा लागेको आगो नियन्त्रणमा लिइएको थियो। आगजनीबाट होटलका सामानहरू जलेर करीब एक लाख रुपैयाँ बराबरको क्षति भएको होटल सञ्चालक गुञ्जेश्वर साहले बताए।

**भोजपुरी........**

भोजपुरी भाषाको पहिचान, विकासको लागि आफूले हरसम्भव सहयोग गर्ने आश्वासन दिए।

देवताल गापाका प्रमुख प्रशासकीय अधिकृत सिकेन्द्र साहले नेपालमा २५ लाख भोजपुरीभाषी रहेको तर आशाप्रदरूपमा भाषाको विकास हुन नसकेकोमा चिन्ता व्यक्त गरे।

कार्यक्रममा भोजपुरी भाषामा योगदान पुऱ्याउने कवि, पत्रकार, साहित्यकार क्रमशः रामप्रसाद साह, जगदीश पङ्कज, भारतीय कवि डा लटपट ब्रजेश, उमाशङ्कर द्विवेदी 'दधीचि', पत्रकार रामेश्वर मेहता, शिक्षक देवेन्द्र गिरी, सुनील कुमार, अजमत अलि लगायतलाई सम्मानित गरिएको थियो।

देवताल गापा अध्यक्ष चन्दन सिंहको अध्यक्षतामा भएको विमोचन कार्यक्रममा कवि महादेव सिंह, रामप्रसाद साह, डा लटपट ब्रजेश, देवेन्द्र गिरी, प्राध्यापक प्रकाशकुमार साह, उमाशङ्कर द्विवेदी 'दधीचि', रामनिवासलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा वडाध्यक्ष मिश्रीलाल सहनीले स्वागत तथा शिवनारायण साहले सहजीकरण गरेका थिए।


सामुदायिक सेवा केन्द्र मुर्ली, श्रीपुरमा शुक्रवार र शनिवार १८ वर्ष माथिकालाई भेरोसिल खोप लगाइएको छ। शुक्रवार भेरोसिलको दोस्रो खोप १६ जना र ८२ जनाले पहिलो खोप लगाएको केन्द्रका सचिव दिलीप प्रधानले बताए। तस्वीरः सौजन्य

# ई-रिक्शाचालक मुख्तार मृत फेला, हत्याको आशङ्का

प्रस, वीरगंज, २३ पुस/
वीरगंजमा ई-रिक्शा चलाउँदै आएका भारतीय मुख्तार मियाँ मृत अवस्थामा फेला परेका छन्। भारत, कोलकाता घर भई हाल वीरगंज-३ मा बस्दै आएका ४८ वर्षीय मुख्तार मियाँ वीरगंज-२३ इटियाहीस्थित कुलोमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए।


कुलोमा भेटिएका मुख्तार मियाँ। तस्वीर सौजन्यः जिप्रका, पर्सा

मृतक मुख्तार मङ्गलवार साँझ ६ बजेदेखि ई-रिक्शासहित परिवारको सम्पर्कमा थिएनन्। उनी हराएको सूचना परिवारले वडा प्रहरी कार्यालय, बिर्तामा दिएको थियो। मुख्तार चार महीनादेखि ई-रिक्शा चलाउँदै आएका थिए। ई-रिक्शासहित हराएको मुख्तारको शव बिहीवार दिउँसो ४ बजे फेला परेको थियो। स्थानीयले कुलोमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। पर्सा प्रहरीका प्रवक्ता खनालले मृतक मुख्तारको टाउकोमा चोट लागेको, घटनास्थल वरिपरि रगतको टाटा देखिएकाले कर्तव्य गरी हत्या भएको हुन सक्ने आशङ्का गरे। उनले शवको शल्यपरीक्षणपछि तथ्य कुरा बाहिरिने बताए। मुख्तारको शव फेला परे पनि ई-रिक्शा भेटिएको छैन। प्रहरीले हत्या आशङ्कामा तीनजनालाई नियन्त्रणमा लिएको छ।

केही दिनअघि मितेरी पुलमा भारतीय ई-रिक्शाचालकको चक्कु प्रहार गरी हत्या गरिएको थियो। सो घटना लगत्तै अर्का ई-रिक्शाचालक भारतीय नागरिक मुख्तारको हत्या भएको हो।

**बालकको शव भेटियो**

जगरनाथपुर गाउँपालिका-६ सन्ठीमा आज एकजना बालकको शव भेटिएको छ। गाउँको पूर्वपट्टि रहेको उखुबारीमा घाँस काट्न गएकी एकजना महिलाले शव देखेकी थिइन्। नागेश्वर पटेलका १२ वर्षीय छोरा मन्टु पटेल मृत भेटिएको स्थानीयले जानकारी गराएका छन्। यस विषयमा इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले घटनास्थलमा बालकको शव भेटिएको र अनुसन्धान भइरहेको बताए।

# चौबीसजनामा ओमिक्रोन सङ्क्रमण पुष्टि

काठमाडौं, २३ पुस/रासस
कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन २४ जनामा पुष्टि भएको छ। २५० जनामा परीक्षण गर्दा उनीहरूमा उक्त भेरियन्ट सङ्क्रमण पुष्टि भएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार यही पुस महीनामा एक हजार १४६ जनामा गरिएको परीक्षणमा २५० जनामा एस-जिन नेगेटिभ भेटिएको हो।

ती नेगेटिभ देखिएकाका २४ नमूनाको जिन स्क्रिनिङ गर्दा सबैमा सङ्क्रमण पुष्टि भएको हो।

ओमिक्रोन भेरियन्टको सङ्क्रमण रोकथाम र नियन्त्रणाका लागि सबै अस्पताललाई तयारी अवस्थामा राख्न मन्त्रालयले निर्देशनसमेत दिएको छ।

"ओमिक्रोनले गर्दा हुन सक्ने अत्यधिक बिरामीको चापलाई मध्यनजर गर्दै सबै अस्पताललाई तयारी अवस्थामा रहन, उपचारका लागि आवश्यक पर्ने अक्सिजनलगायत अन्य सामग्रीको यथेष्ट जोहो गर्न र स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ," मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्रद्वारा आज यहाँ जारी विज्ञप्ति भनिएको छ, "सीमानाकामा कोभिड-१९ को परीक्षणलाई थप सशक्त बनाउने तथा पोजेटिभ आएका मामिलालाई आइसोलेशनमा राख्ने व्यवस्था गरिएको छ।"

मन्त्रालयले एस-जिन स्क्रिनिङ गर्न वीर, निजामती कर्मचारी, वीरेन्द्र सैनिक, त्रिवि शिक्षण, भेरी अस्पताल र प्रदेश नं २ प्रदेश जनस्वास्थ्य प्रयोगशालामा व्यवस्था गरिएको जनाएको छ। ओमिक्रोनका कारण अत्यधिक मात्रामा कोभिड-१९ को सङ्क्रमण बढ्ने सम्भावना रहेको जनाउँदै मन्त्रालयले सबैलाई थप सजगता अपनाउन आग्रह गरेको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?**

- बालविवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दबाब विवाह

**विचार गर्नुस्,**
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## सङ्कटा र सातदोबाटोको खेल बराबर

काठमाडौं, २३ पुस/रासस
शहीद स्मारक 'ए' डिभिजन लिग अन्तर्गत शुक्रवारदेखि शुरू भएको आठौं चरणको पहिलो खेलमा सङ्कटा क्लब र



सातदोबाटो युथ क्लबबीचको खेल बराबरीमा टुङ्गिएको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा सङ्कटा र सातदोबाटोले एक/एक गोल गरेका थिए। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा दुवै टोलीले खेलको पहिलो हाफमा एक/एक गोल गरेका थिए।

सातदोबाटोका लागि सुशील राईले गोल गर्दा उता सङ्कटाका लागि जया गुरुङले बराबरी गोल फर्काएका थिए। खेलको २३औं मिनेटमा सुशीलले गोल गर्दै सातदोबाटोलाई १-० को अग्रता दिलाए। नीरज बस्नेतको ब्याक पासमा गोलरक्षक राजाबाबू थापाले गलती गरेपछि राजाबाबूले क्लियर गरेको बल सुशीलको घुँडामा लाग्दै गोलमा परिणत भएको थियो।

सातदोबाटोको १-० को अग्रता लामो समयसम्म टिक्न सकेन। खेलको ३२औं मिनेटमा सङ्कटाका खेलाडी जयाले गोल गर्दै खेललाई एक/एक को बराबरीमा ल्याए। दीपेश आलेमगरको पासलाई उनले करीब ३० यार्डबाट प्रहार गरेको बलले जाली चुमेको थियो। खेलको दोस्रो हाफमा गोल हुन नसकेपछि खेल एक/एक गोलको बराबरीमा टुङ्गिएको हो। यस बराबरी खेलसँगै अपराजित रहेको सङ्कटा ८ खेलबाट १४ अङ्क जोडेर अङ्कतालिकाको तेस्रो स्थानमा पुगेको छ भने समान खेल खेलेको सातदोबाटो ९ अङ्क जोडेर अङ्कतालिकाको आठौं स्थानमा पुगेको छ।

# गाउँ मल पाएपछि किसानहरू दङ्ग

प्रस, सेढवा, २३ पुस/
जीराभवानी गाउँपालिका-२


तस्वीरः प्रतीक

सेढवाका किसान चन्द्रदेवदास थारू आफ्नै गाउँमा मल पाएपछि दङ्ग परेका छन्।

बेलाबेलामा वर्षा हुँदा गहुँबालीमा सिंचाइ भएको र युरिया मल छर्ने बेलामा सहजै गाउँमा मल पाएपछि उनी दङ्ग परेका हुन्। कृषि ज्ञान केन्द्र, पर्साको सिफारिशमा कृषि सामग्री कम्पनीले प्रत्येक स्थानीय तहलाई खेतीयोग्य जमीनको क्षेत्रफलको हिसाबले मल वितरण गरेकोमा ढिलै भएपनि किसानहरूले सहजै मल पाएका छन्।

नेपाल सरकारको अनुदानको मल पाएपछि भारतीय बजारमा महँगो मूल्यमा मल किन्नुनपरेको किसानहरूको भनाइ छ। यसअघि किसानहरू मलको लागि भौंतारिने गर्थे। तर अहिले किसानहरूले आलोपालो गरी मल पाइरहेको थारूले बताए।

पटेर्वासुगौली गापा-२ मकवानीटोल निवासी किसान बिगा महरा चमारले बेलाबेलामा पानी पर्दा सिंचाइ गर्नुपर्ने झन्झट नभएको र गहुँबालीमा युरिया मल छर्ने बेलामा सहजै पाएकोमा खुशी व्यक्त गरे।

यसैगरी, साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष एवं पटेर्वासुगौली गापा-२ अध्यक्ष विजय गैरेले कृषि सामग्री कम्पनीले आवश्यकताभन्दा कम मल दिएको कारण वितरणमा कठिनाइ भएको बताएका छन्।

# फूटपाथमा जीवनयापन गर्ने तीनजनाको उद्धार

प्रस, वीरगंज, २३ पुस/
मानवसेवा आश्रमले बिहीवार बेलुका सडक फूटपाथमा जीवनयापन गर्ने तीनजनाको उद्धार गरेको छ।

वीरगंजको घण्टाघर क्षेत्रबाट मानवसेवा आश्रम वीरगंजको टोलीले एकजना युवक, एक/एकजना वृद्धवृद्धा


बिहीवार राति उद्धार गरिएका तीनजना। तस्वीरः सौजन्य



गरी तीनजनाको उद्धार गरेको सानु मानवसेवाले बताइन्। उनले बिहीवार बेलुकी अभियान शुरू गरी तीनजनाको उद्धार गरिएको बताइन्।

यसअघि पुस २० गतेदेखि शुरू गरिएको यो अभियानमा घण्टाघरबाट एकजना ८० वर्षीय वृद्धको उद्धार गरिएको थियो।

मानवसेवा आश्रमको मेची-महाकाली अभियान अन्तर्गत मानवसेवा आश्रम, वीरगंजले साताव्यापी अभियान शुरू गरेको हो।

यो अभियान पुस २६ गतेसम्म सञ्चालन हुने सानु मानवसेवाले बताइन्।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | राजेशमान सिंह समूह | खबरदारी जुलुस | स्वीमिङपुल | ११:०० |